# अदालत व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५

मुलुकी फौजदारी (कार्यविधि) संहिता ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायबमोजिमको निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "अदालत व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका संवत् २०७५ भदौ १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले मुलुकी फौजदारी (कार्यविधि) संहिता ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "अदालत" भन्नाले सम्बन्धित अदालत सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) "जिल्ला अदालत नियमावली" भन्नाले जिल्ला अदालत नियमावली, २०७५ सम्झनु पर्छ ।

## परिच्छेद-२
## पक्राउ पुर्जी तथा हिरासतमा राख्ने अनुमतिसम्बन्धी

३. **पक्राउ पुर्जीको अनुमतिः** (१) ऐनको अनुसूची १ वा अनुसूची २ मा उल्लिखित कसूरसम्बन्धी मुद्दामा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा पक्राउ पुर्जी जारी गर्नु अघि अदालतको अनुमति लिनु पर्नेछ।

(२) ऐनको दफा ९ को उपदफा (२) बमोजिम पक्राउ पुर्जी जारी गर्ने अनुमति लिन कसूरको अनुसन्धान गर्ने अनुसन्धान अधिकारी तोकिएकोमा निजले र नतोकिएको भए सम्बन्धित प्रहरी कार्यालयको प्रमुख वा कसुरको अनुसन्धान गर्ने कार्यालयको प्रमुखले नियमावलीको अनुसूची -१ बमोजिमको ढाँचामा अदालत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा सम्भव भएसम्म पक्राउ गर्नुपर्ने व्यक्तिको नाम थर, वतन वा अन्य परिचयात्मक विवरण, कसूरको छोटकरी विवरण, पक्राउ गर्नुपर्ने व्यक्तिको संलग्नता देखिने प्रमाण, वारदात मिति, समय र स्थान, पक्राउ गर्नुपर्ने आधार र कारण खुलाउनु पर्नेछ।

(४) कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको प्रयोजनका लागि पक्राउ गर्न उपदफा (२) र (३) बमोजिम पेस भएको निवेदन बेहोरा मनासिब देखिएमा अनुसन्धान अधिकारी वा सम्बन्धित कार्यालय प्रमुखलाई पक्राउ पुर्जी जारी गर्न अदालतले ऐनको दफा ९ को उपदफा (३) बमोजिम अनुमति दिनसक्नेछ।

(५) अदालतले पक्राउ पुर्जी जारी गर्न अनुमति दिएमा सोको जानकारी स्रेस्तेदार वा रजिष्ट्रारले अनुसन्धान अधिकारी वा सम्बन्धित कार्यालयलाई दिनु पर्नेछ।

४. **<u>जरूरी पक्राउ पूर्जी</u>:** (१) कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगर्दा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले दशी प्रमाण नष्ट गर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारी, प्रहरी कार्यालय वा कसूरको अनुसन्धान गर्न प्रचलित कानुनबमोजिम अधिकार प्राप्त कार्यालयको प्रमुखले ऐनको दफा ९ को उपदफा (६) बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पक्राउ गरिएकोमा अनुसन्धान अधिकारी,प्रहरी कार्यालयको प्रमुख वा अनुसन्धान गर्ने कार्यालयको प्रमुखले पक्राउ परेको व्यक्ति सहित सोको स्वीकृतिको लागि ऐनको दफा ९ को उपदफा (६) बमोजिम अदालतसमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृतिका लागि पेस गर्दा नियमावलीको अनुसूची -४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन दिँदा पक्राउ परेको व्यक्तिसहित देहायका विवरण र कागजात संलग्न गर्नु पर्नेछ।

(क) पक्राउ गरेको व्यक्तिको नाम, थर, वतन वा अन्य परिचयात्मक विवरण,

(ख) पक्राउ गरेको मिति, समय र स्थान,

(ग) वारदात मिति, समय र स्थान,

(घ) कसूरको नाम,

(ङ) पक्राउ गरेको व्यक्तिको संलग्नता देखिने सम्भव भएसम्मको प्रमाण,

(च) खानतलासी गर्दा दशी प्रमाण बरामद भएको भए सोको मुचुल्का,

(छ) जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्नु परेको कारण,

(ज) आवश्यक अन्य विवरण।

(५) उपदफा (३) बमोजिमको निवेदन र उपदफा (४) बमोजिमको प्रमाण कागजबाट निवेदन बेहोरा मनासिब देखिएमा अदालतले जरूरी पक्राउ पुर्जी जारी गरी कुनै व्यक्तिलाई गरिएको पक्राउको स्वीकृति दिन सक्नेछ।

५. **<u>पक्राउ पुर्जी जारी गर्ने अनुमति तथा पक्राउको स्वीकृति दिने अधिकारी</u>:** (१) एकभन्दा बढी न्यायाधीश कार्यरत रहेको अदालतमा पक्राउ पुर्जी जारी गर्न अनुमति दिने तथा जरूरी पक्राउ पुर्जी जारी गरी गरेको पक्राउको स्वीकृति दिनेसम्बन्धी कारबाही उच्च अदालतको हकमा मुख्य न्यायाधीश, उच्च

अदालतको इजलास वा अस्थायी इजलासको हकमा मुख्य भई काम गर्ने न्यायाधीश वा जिल्ला अदालतको हकमा प्रमुख भई काम गर्ने न्यायाधीशले तोकेबमोजिम हुनेछ।

(२) पक्राउ पुर्जी जारी गर्ने अनुमति दिने तथा जरूरी पक्राउ पुर्जी जारी गरी गरेको पक्राउको स्वीकृति दिने सम्बन्धमा कार्यालय समय अघि पछिको समय वा बिदाको दिनको लागि अदालतले उपयुक्त व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि अदालतमा न्यायाधीशको अनुपस्थितिमा पक्राउ पुर्जी जारी गर्ने अनुमति वा जरूरी पक्राउ पुर्जी जारी गरी गरेको पक्राउको स्वीकृति दिने सम्बन्धी कारबाही अदालतमा उपस्थित बरिष्ठ कर्मचारीले गर्नेछ।

६. **<u>पक्राउ पुर्जी तथा जरूरी पक्राउ पुर्जीको अभिलेख राख्नेः</u>** (१) पक्राउ पुर्जी जारी गर्न दिइने अनुमति सम्बन्धी अभिलेख नियमावलीको अनुसूची-३ बमोजिमको ढाँचामा र जरूरी पक्राउ पुर्जी जारी गरी गरिएको पक्राउको स्वीकृतिसम्बन्धी अभिलेख नियमावलीको अनुसूची-५ बमोजिमको ढाँचामा स्रेस्तेदार वा रजिष्ट्रारले छुट्टै किताव खडा गरी राख्नु पर्नेछ।

(२) अदालतबाट भएको पक्राउ पुर्जीको अनुमति सम्बन्धी कारबाहीको विवरण त्यस्तो व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गर्न हुँदैन।

७. **<u>हिरासतमा राख्ने अनुमतिको निवेदनः</u>** (१) ऐनको अनूसुची -१ वा अनुसूची -२ मा उल्लिखित कसूरको अभियोगमा पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको लागि हिरासतमा राख्नु पर्ने भएमा ऐनको दफा १४ को उपदफा (१) बमोजिम हिरासतमा राख्ने अनुमतिका लागि बाटोको म्यादबाहेक चौविस घण्टाभित्र जतिसक्दो चाँडो अनुसन्धान अधिकारीले अदालतसमक्ष उपस्थित गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति माग गर्दा सम्बन्धित अनुसन्धान अधिकारीले सरकारी वकिल कार्यालयमार्फत नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा अदालतसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निवेदनमा पक्राउ परेको व्यक्ति उपर लागेको अभियोग, त्यसको आधार, हिरासतमा राख्नु पर्ने आधार र कारण, निजको बयान भएको भए सोको बेहोरा समेत खुलाई कुनै दशी प्रमाण सङ्कलन भएको भए सोसमेत पेस गर्नु पर्नेछ।

(४) कुनै मुद्दामा सङ्कलन गरिएको दशी प्रमाण उपदफा (३) बमोजिमको निवेदनसाथ अदालत समक्ष ल्याउन सम्भव नभएमा त्यस्तो दशी प्रमाणको विवरण, रहेको ठाउँ र बुझी लिने व्यक्तिको विवरण निवेदनमा खुलाई त्यस्तो दशी प्रमाण सुरक्षितसाथ राख्न जिम्मा लगाइएको वा फिर्ता दिइएको व्यक्तिसँग गरिएको भरपाई पेस गर्नु पर्नेछ।

८. **<u>हिरासतमा राख्ने अनुमतिः</u>** (१) अनुसन्धान अधिकारीले पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने अनुमति माग गरेमा अदालतले निवेदनसाथ पेस भएका कागजातहरू अध्ययन गरी मुद्दाको अनुसन्धान सन्तोषजनक रूपमा भए नभएको हेर्नु पर्नेछ।

(२) मुद्दाको अनुसन्धान सन्तोषजनक रूपमा भए नभएको यकिन गर्न वा हिरासतमा राखिएको व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक रहे वा नरहेको सम्बन्धमा अदालतले कानून व्यवसायीको बहससमेत सुनी आदेश दिन सक्नेछ।

(३) निवेदनसाथ पेस भएका कागजात तथा उपदफा (२) बमोजिम सुनिएको बहसबाट पक्राउ परेको व्यक्तिलाई अनसन्धानको लागि हिरासतमा राख्न आवश्यक रहेको देखिएमा नियमावलीको नियम ७ को उपनियम (१) को व्यवस्थालाई समेत विचार गरी ऐनको दफा १४ को उपदफा (६) बमोजिम अदालतले एकैपटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ।

(४) अदालतले अभियुक्तलाई अनुसन्धानको लागि हिरासतमा राख्ने आदेश दिँदा नियमावलीको अनुसूची-७ बमोजिमको ढाँचामा आधार र कारणसहितको पर्चा खडा गर्नु पर्नेछ।

९. **<u>हिरासतमा राख्ने अवधिसम्बन्धी विशेष व्यवस्थाः</u>** (१) ऐनको अनुसूची १ मा उल्लिखित देहायका कसूरसम्बन्धी मुद्दामा पच्चीस दिनभित्र अनुसन्धान पूरा हुन नसक्ने भई पक्राउ गरेको व्यक्तिलाई थप अवधि हिरासतमा राख्नु पर्ने भएमा सोको लागि सम्बन्धित अनुसन्धान अधिकारी र सरकारी वकिलले अदालतसमक्ष कारणसहितको संयुक्त प्रतिवेदन पेस गर्न सक्नेछः-

(क) राष्ट्रपतिउपरको आक्रमण,

(ख) जासुसी,

(ग) सैनिक भड्काउने,

(घ) नेपाल राज्य विरूद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने,

(ङ) विष्फोटक पदार्थ,

(च) अपहरण र शरीर बन्धकसम्बन्धी कसूर।

(२) अनुसन्धान अधिकारी र सरकारी वकिलको प्रतिवेदन परेमा ऐनको दफा १४ को उपदफा (८) बमोजिम अदालतले मुद्दाको अनुसन्धानको अवस्था हेरी एकैपटक वा पटक पटक गरी बढीमा थप पन्ध्र दिनसम्म हिरासतमा राख्ने अनुमति दिन सक्नेछ।

(३) अदालतले उपदफा (२) बमोजिम थप अवधी हिरासतमा राख्ने अनुमति दिँदा पक्राउ परेको व्यक्तिलाई अभियोग ठहर भएमा हुन सक्ने कैदको अवधिभन्दा बढी हिरासतमा नरहने कुराको यकिन गरी कारण सहितको आदेश दिनु पर्नेछ।

(४) प्रचलित कानूनमा कुनै कसूरको अनुसन्धानको लागि अभियुक्तलाई हिरासतमा राख्न सक्ने अवधिका सम्बन्धमा ऐनको दफा १४ मा उल्लिखित व्यवस्था भन्दा फरक व्यवस्था रहेछ भने त्यस्तो मुद्दामा अभियुक्तलाई हिरासतमा राख्ने अनुमति दिँदा सोही कानूनबमोजिमको अवधिसम्म हिरासतमा राख्ने अनुमति दिनु पर्नेछ।

१०. **<u>अभिलेख सुरक्षित राख्नेः</u>** दफा ८ बमोजिम सुनुवाइ गरिएकोमा त्यस्तो सुनुवाइको क्रममा कानून व्यवसायीले पेस गरेको वकालतनामा, दफा ८ वा ९ बमोजिम अदालतले अभियुक्तलाई हिरासतमा

राख्न अनुमति दिएको आदेशको प्रतिलिपि र अदालतमा ऐनको दफा २८ बमोजिम पेस भएको जाहेरी दरखास्तको प्रतिलिपिको छुट्टै अभिलेख नियमावलीको अनुसूची -८ बमोजिमको ढाँचामा तयार गरी स्रेस्तेदार वा रजिस्ट्रारले सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद-३

## हिरासतमा रहेको व्यक्तिको शारीरिक परीक्षण, उपचार र राहत सम्बन्धी

११. **शारीरिक जाँचको लागि निवेदन दिन सक्ने**: (१) अनुसन्धानको सिलसिलामा पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने अनुमतिको लागि अनुसन्धान अधिकारीले अदालतसमक्ष उपस्थित गराउँदा हिरासतमा रहेको व्यक्तिले चाहेमा शारीरिक जाँच गराई पाउन निवेदन दिन सक्नेछ।

(२) ऐनको दफा २२ को उपदफा (२) बमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिको शारीरिक जाँच गर्न आवश्यक भएमा त्यस्तो व्यक्ति वा निजको तर्फबाट अरू कसैले अदालतसमक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन दिंदा हिरासतमा रहेको व्यक्तिलाई कुटपीट गरिएको, यातना दिएको वा निज विरूद्ध कुनै कसूर गरिएको भए सो बेहोरा र सोको आधारसमेत खुलाउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम निवेदन परेमा वा हिरासतमा रहेको व्यक्तिलाई कुटपीट गरिएको, यातना दिएको वा निज विरूद्ध कुनै कसूर गरिएको कुरा अदालतलाई कुनै स्रोतबाट जानकारी हुन आएमा त्यस सम्बन्धमा अदालतले आवश्यकता अनुसार सम्बन्धित हिरासतमा राख्ने कार्यालयलाई बुझ्न वा निवेदकसँग सो सम्बन्धमा सोधपुछ गर्न सक्नेछ।

(५) अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्तिलाई कुटपीट गरेको, यातना दिएको वा निज विरूद्ध अन्य कुनै कसूर गरेको जानकारी नियमावलीको नियम ८ को उपनियम (१) बमोजिम अदालतलाई हुन आएमा ऐनको दफा २२ को उपदफा (२) बमोजिम अदालतले कुनै अस्पतालबाट निजको शारीरिक जाँच गराउन आदेश दिनेछ।

(६) उपदफा (५) बमोजिम आदेश दिंदा बढीमा तीन दिनभित्र शारीरिक जाँचसम्बन्धी प्रतिवेदन सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारी मार्फत अदालतमा प्राप्त हुने गरी पठाउन आदेश दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित अस्पतालबाट शारीरिक जाँच प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित अनुसन्धान अधिकारीले तत्काल त्यस्तो प्रतिवेदन सहितको फायल अदालतसमक्ष पेस गर्नु पर्नेछ।

१२. **उपचार गराउन र अन्तरिम राहत उपलब्ध गराउन आदेश दिने**: (१) दफा ११ बमोजिम हिरासतमा रहेको व्यक्तिको शारीरिक जाँचसम्बन्धी प्रतिवेदनसहितको फायल प्राप्त भएपछि अदालतको स्रेस्तेदार वा रजिस्ट्रारले त्यस्तो प्रतिवेदन तत्काल इजलाससमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको फायल संलग्न शारीरिक जाँचसम्बन्धी प्रतिवेदनबाट हिरासतमा लिएको व्यक्तिलाई कुटपीट गरेको वा यातना दिएको देखिएमा ऐनको दफा २२ को

उपदफा (५) बमोजिम अदालतले त्यसरी कुटपीट गरिएको वा यातना पाएको व्यक्तिको तत्काल उपचारको उपयुक्त प्रबन्ध गरी निजलाई अन्तरिम राहत स्वरूप उपयुक्त रकम उपलब्ध गराउन सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारीलाई आदेश दिनु पर्नेछ।

१३. **विभागीय कारबाहीको लागि आदेश दिनेः** (१) अनुसन्धानको क्रममा हिरासतमा रहेको व्यक्तिलाई कुटपीट वा यातना दिएको देखिएमा अदालतले सम्बन्धित कार्यालय वा कर्मचारी समेतलाई बुझी ऐनको दफा २२ को उपदफा (५) बमोजिम कुटपीट गर्ने वा यातना दिने कर्मचारीलाई कानून बमोजिम विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयलाई आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागीय कारबाहीको लागि आदेश दिएकोमा सम्बन्धित कार्यालयले सम्बन्धित कर्मचारीलाई कानूनबमोजिम विभागीय कारबाही गरी सोको जानकारी अदालतलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको जानकारीसम्बन्धी पत्र सम्बन्धित मिसिल सामेल राख्नु पर्नेछ।

## परिच्छेद-४
## अभियोगपत्र वा उजूरीको जाँच र मुद्दा दर्तासम्बन्धी

१४. **अभियोगपत्रः** (१) ऐनको अनुसूची -१ र अनुसूची -२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको दायरी अदालतमा ऐनको दफा ४३ को उपदफा (१) को खण्ड (क) बमोजिम अभियोगपत्रको रूपमा सम्बन्धित सरकारी वकिलले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अभियोगपत्र दायर गर्दा ऐनको अनुसूची -२० बमोजिमको ढाँचामा तयार गरी पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अभियोगपत्रको रूपमा दायर हुने ऐनको अनुसूची -१ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची अनुसूची -१ मा र ऐनको अनुसूची -२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची अनुसूची -२ मा दिइएको छ।

१५. **अभियोगपत्रको जाँचः** (१) मुद्दा दर्ता गर्ने अधिकारीले दफा १४ बमोजिम पेस हुन आएको अभियोगपत्रमा देहायका कुराहरू भए नभएको जाँच गर्नु पर्नेछः-

(क) अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,

(ख) अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,

(ग) अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

(घ) अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,

(ङ) अभियुक्तको भएसम्मको दुवै हातको चोरी औंलाहरूको छाप,

(च) अरूको घरमा डेरा गरी बसेको भए घरधनीको नाम, थर र ठेगानासहितको विवरण,

(छ) कसूरसँग सम्बन्धित सूचनाको बेहोरा,

(ज) कसूरसम्बन्धी विवरण,

(झ) अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दशी प्रमाणको विवरण,

(ञ) अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू,

(ट) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको कारण,

(ठ) अभियुक्तलाई हुनु पर्ने सजायको माग दाबी र त्यसको कारण,

(ड) कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,

(ढ) अभियुक्तलाई ऐनको दफा ३३ बमोजिम सजायको छुट दिन प्रस्ताव गरिएको भए कति प्रतिशत छुट दिनुपर्ने हो सोको स्पष्ट बेहोरा,

(ण) ऐनको दफा १८३ बमोजिम परिचय गोप्य राख्ने आदेश भएका व्यक्तिको परिचय गोप्य राखे नराखेको,

(त) कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण,

(थ) अभियोगपत्रको लिखतमा पुऱ्याउनु पर्ने रित पुऱ्याए नपुऱ्याएको।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनका लागि "मुद्दा दर्ता गर्ने अधिकारी" भन्नाले सर्वोच्च अदालत वा उच्च अदालतको हकमा रजिष्ट्रार र जिल्ला अदालतको हकमा श्रेस्तेदार सम्झनु पर्छ र सो शब्दले निजले मुद्दा दर्ता गर्न अधिकार दिएको अदालतको अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(२) उपदफा (१) बमोजिम अभियोगपत्र जाँच गर्दा मुद्दामा दशीको रूपमा उल्लेख गरेका तथा जफतको माग दाबी लिएका सबुद, प्रमाण, दशी तथा वस्तु वा सम्पत्ति अभियोगपत्रमा उल्लेख गरेबमोजिम पेस गरे वा नगरेको तथा अभियुक्त हिरासतमा रहेको भए निजलाई उपस्थित गराएको नगराएको समेत रूजु गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दशी तथा वस्तु रूजु गर्दा सुन, चाँदी, हिरा जवाहरत जस्ता बहुमुल्य धातु वा विदेशी मुद्रा समेत पेस भएकोमा बहुमुल्य धातुको हकमा त्यस्तो धातुको किसिम, संख्या र वजन तथा विदेशी मुद्राको हकमा कुन देशको र कति परिमाणको हो समेत खुलाई सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१६. **उजूरी वा प्रतिवेदनः** (१) ऐनको अनुसूची-३ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको दायरी अदालतमा ऐनको दफा ४३ को उपदफा (१) को खण्ड (ख) बमोजिम उजूरी वा प्रतिवेदनको रूपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले गर्नेछ।

(२) ऐनको अनुसूची -४ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको दायरी अदालतमा ऐनको दफा ४३ को उपदफा (१) को खण्ड (ग) बमोजिम फिरादपत्रको रूपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रतिवेदन वा उजूरी ऐनको अनुसूची-२१ बमोजिमको ढाँचामा तथा फिराद पत्र नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा तयार गरी पेस गर्नु पर्नेछ।

(४) प्रतिवेदनका रूपमा दायर हुने ऐनको अनुसूची-३ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची अनुसूची-३ मा र उजूरी वा फिरादपत्रको रूपमा दायर हुने ऐनको अनुसूची-४ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची अनुसूची-४ मा दिइएको छ।

१७. **<u>फिराद पत्र, उजूरी वा प्रतिवेदनको जाँचः</u>** (१) मुद्दा दर्ता गर्ने अधिकारीले दर्ताको लागि पेस हुन आएको फिरादपत्र, उजूरी वा प्रतिवेदनमा देहायका कुराहरू भए नभएको जाँच गर्नु पर्नेछः-

(क) प्रतिवादीको नाम, थर, वतन (टोलसमेत) हुलिया, उमेर, पेशा वा व्यवसाय, बाबु आमा वा पति वा पत्नीको नाम,

(ख) प्रतिवादीको नागरिकता वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र वा सजिलैसँग फेला पार्न सकिने अन्य परिचयात्मक विवरण,

(ग) प्रतिवादी रहे बसेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं. र प्रतिवादीको थाहा भएसम्मको अन्य विवरण,

(घ) अरूको घरमा डेरा गरी बसेको भए थाहा भएसम्म घरधनीको नाम, थर र ठेगाना,

(ङ) कसूरसम्बन्धी विवरण,

(च) एकै पटकमा एकभन्दा बढी कसूर भएको भए प्रतिवादी उपर लगाइएको प्रत्येक अभियोग र तत्सम्बन्धी प्रमाण,

(छ) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको आधार,

(ज) प्रतिवादीलाई हुनु पर्ने सजायको माग दाबी र सोको आधार,

(झ) कसूरबाट क्षति पुगेको भए त्यस्तो क्षतिको विवरण र प्रतिवादीबाट क्षतिपूर्ति भराउनु पर्ने भए क्षतिपूर्तिको रकम र त्यसको आधार,

(ञ) लिखतमा पुऱ्याउनु पर्ने रित पुऱ्याए नपुऱ्याएको।

(ट) अन्य आवश्यक कुरा ।

(२) उपदफा (१) बमोजिम फिरादपत्र, उजूरी वा प्रतिवेदन जाँचबुझ गर्दा प्रतिवादीको सङ्ख्या बराबरको फिरादपत्र वा उजुरीको प्रतिलिपि तथा वादी वा उजुरवालाले पेस गर्न चाहेको लिखत प्रमाणहरूको एक प्रति प्रतिलिपि रहे नरहेकोसमेत हेर्नु पर्नेछ।

(३) मुद्दा दर्ता गर्ने अधिकारीले ऐनको दफा ३२ को उपदफा (७), दफा ३४ को उपदफा (७) र दफा ५२ को उपदफा (६) बमोजिम परेका उजुरीको जाँचबुझसमेत यसै दफाबमोजिम गर्नु पर्नेछ।

१८. **<u>दर्ता र दरपीठ</u>**ः (१) यस परिच्छेदबमोजिम अभियोगपत्र वा उजूरी जाँच गर्दा रीतपूर्वकको देखिएमा मुद्दा दर्ता गर्ने अधिकारीले अदालतको मुद्दाको दायरी किताबमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा दर्ता गर्दा दर्ता मितिका आधारमा मुद्दाको दर्ताको क्रमानुसार गर्नु पर्नेछ।

(३) उपदफा(२) बमोजिम दर्ता भएका मुद्दालाई कम्प्युटर सफ्टवेयरमा प्रबिष्ट गराउँदा जिल्ला अदालतले देहाय बमोजिमको कोड राखी दर्ता गर्नु पर्नेछः-

(क) ऐनको अनुसूची -१ मा उल्लिखित कसूरसम्बन्धी मुद्दालाई C1,

(ख) ऐनको अनुसूची -२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दालाई C2,

(ग) ऐनको अनुसूची -३ मा उल्लिखित कसूरसम्बन्धी मुद्दालाई C3,

(घ) ऐनको अनुसूची -४ मा उल्लिखित कसूरसम्बन्धी मुद्दालाई C4 ।

(४) सर्वोच्च अदालत तथा उच्च अदालतमा दर्ता हुने मुद्दालाई कम्प्युटर सफ्टवेयरमा प्रबिष्ट गराउँदा अदालतको मुद्दा व्यवस्थापन प्रणालीसम्बन्धी सफ्टवेयरमा निर्धारण गरिएबमोजिमको कोड राखी दर्ता गर्नु पर्नेछ।

(५) अदालतमा दर्ता गर्न ल्याएको कुनै अभियोगपत्र वा फिरादपत्र वा उजुरीको बेहोराबाट सो अभियोग पत्र वा फिरादपत्र वा उजुरी आफ्नो अदालतको अधिकार क्षेत्रभित्रको नभएको, मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नघाई दर्ता गर्न ल्याएको वा रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा मुद्दा दर्ता गर्ने अधिकारीले ऐनको दफा ५० बमोजिम दरपीठ गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा यो रीत पुऱ्याइ ल्याउनु भनी लिखतको पहिलो पृष्ठमा लेखी मुद्दा दर्ता गर्ने अधिकारीले दस्तखत गरी अदालतको छाप लगाई फिर्ता दिनु पर्छ ।

(७) हदम्याद गुजारी दर्ता गर्न ल्याएको लिखत वा अदालतले हेर्न नपर्ने वा नहुने लिखत वा कानून विपरीत देखिएको लिखतको हकमा दर्ता गर्न नमिल्ने मनासिब कारण भएमा लिखतको पहिलो पृष्ठको पछाडि पट्टिको शीरमा "यो लिखत दरपीठ गरिएको छ" भन्ने सम्मको बेहोरा जनाई मुद्दा दर्ता गर्ने अधिकारीले दस्तखत र अदालतको छाप लगाई छुट्टै कागजमा दरपीठ गर्नु पर्ने आधार र कारण उल्लेख गरी सो प्रतिमा समेत मुद्दा दर्ता गर्ने अधिकारीले दस्तखत र अदालतको छाप लगाई एक प्रति सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्छ र त्यस्तो लिखतको प्रतिलिपि अदालतमा राख्नु पर्छ ।

(८) उपदफा (६) बमोजिम रीत नपुगेको भनी दरपीठ भएको कुरामा रीत पुऱ्याई हदम्याद वा म्यादभित्र ल्याएमा वा दरपीठ भएको मिति लिखत दर्ता गराउने आखिरी दिन भए दरपीठ भएको मितिले सात दिनभित्र रीत पुऱ्याई ल्याएमा दर्ता गरी कानूनबमोजिम कारबाही गरिदिनु पर्छ ।

(९) उपदफा (५) बमोजिम अधिकार क्षेत्र नभएको कारणले दरपीठ भएको उजुरीको विषयमा मुद्दा गर्नु पर्ने अन्तिम हदम्याद दरपीठ भएको दिनसम्म रहेछ भने सो दिनबाट बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र दर्ता गर्न ल्याएमा अधिकार क्षेत्र भएको अदालतले रीत बेरित जाँची दर्ता गरिदिनु पर्नेछ।

## परिच्छेद-५
## प्रारम्भिक सुनुवाइ र पूर्वसुनुवाइ छलफलसम्बन्धी व्यवस्था

१९. **प्रारम्भिक सुनुवाइ**: (१) कुनै मुद्दामा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तर पेस गर्दा देहायको प्रश्न उठाएमा अदालतले त्यस्तो प्रश्नको सम्बन्धमा ऐनको दफा ५१ बमोजिम प्रारम्भिक सुनुवाइ गर्नु पर्नेछ।

(क) वादीले दायर गरेको फिरादपत्र वा उजुरी/अभियोगपत्र हदम्यादभित्रको नभएको,

(ख) फिरादपत्र वा उजुरी/अभियोगपत्र दायर भएको अदालतलाई त्यस सम्बन्धमा कारबाही सुनुवाइ र निर्णय गर्ने अधिकार क्षेत्र नभएको,

(ग) वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको ।

(२) कुनै मुद्दामा उपदफा (१) बमोजिमको प्रश्न उठेको अवस्थामा सो प्रश्नका सम्बन्धमा पहिले निर्णय गरेर मात्र मुद्दाको अन्य कारबाही अगाडि बढाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्णय ऐनको परिच्छेद ७ बमोजिम थुनछेक गर्नु पर्ने अवस्थाको मुद्दा भए थुनछेकसम्बन्धी आदेश गर्नुभन्दा पहिले र अन्य मुद्दामा भए वादी प्रतिवादीको तारिख मिलान भएपछिको पहिलो पेशी तारिखको दिन गर्नु पर्नेछ।

२०. **अधिकार क्षेत्र भएको अदालतमा पठाउने**: (१) अदालतले कुनै मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दा त्यस्तो मुद्दा आफ्नो अदालतको अधिकार क्षेत्रभित्र पर्ने नभई अर्को अदालतको अधिकार क्षेत्रभित्र पर्ने अवस्थाको देखिएमा ऐनको दफा ५१ को उपदफा (१) बमोजिम सो मुद्दा हेर्ने अधिकार क्षेत्र भएको सम्बन्धित अदालतमा पठाउन आदेश दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकार क्षेत्र भएको अदालतमा पठाउँदा ऐनको अनुसूची-१ वा अनुसूची-२ बमोजिमको मुद्दामा अभियोगपत्रका साथ अभियुक्त पेस भएको भए निज सहित तथा ऐनको अनुसूची-३ वा अनुसूची-४ बमोजिमको मुद्दा भए तारिखमा रहेका पक्षहरूलाई तारिख तोकी मिसिल तत्काल पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभियुक्त सहित मिसिल पठाइएकोमा त्यस्तो मुद्दाको मिसिल प्राप्त भएपछि सम्बन्धित अदालतले कानूनबमोजिम मुद्दा दर्ता गरी यथासक्य चाँडो थुनछेक सम्बन्धी आदेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम भएको आदेश उपर चित्त नबुझ्ने सम्बन्धित पक्षले पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।

२१. **मुद्दाको कारबाही अगाडि बढाउनु पर्ने**: (१) प्रारम्भिक सुनुवाइ गर्दा वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको, अभियोगपत्र वा फिराद पत्र वा उजुरी हदम्यादभित्र दर्ता नभएको वा अदालतलाई मुद्दाको कारबाही, सुनुवाइ र निर्णय गर्ने अधिकार क्षेत्र नभएको भनी उठाइएको प्रश्न कानूनबमोजिमको नदेखिएमा अदालतले सोहीबमोजिमको आदेश गरी मुद्दाको कारबाही अगाडि बढाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको आदेशउपर चित्त नबुझ्ने सम्बन्धित पक्षले पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।

२२. **मुद्दा खारेज हुने**: (१) कुनै मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दा त्यस्तो मुद्दाको अभियोगपत्र वा उजूरी हदम्यादभित्र दायर नभएको वा त्यस्तो मुद्दाको कारबाही, सुनुवाइ र निर्णय गर्ने अधिकार क्षेत्र अदालतलाई नभएको वा मुद्दामा वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको देखिएमा अदालतले त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको फैसला उपर चित्त नबुझ्ने पक्षले फैसला भएको पैंतीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन सरह उजुरी गर्न सक्नेछ।

२३. **पूर्वसुनुवाइ छलफल**: (१)ऐनको अनुसूची- १ वा अनुसूची-२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा देहायको अवस्था विद्यमान भएमा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि वादी प्रतिवादीवीच ऐनको दफा १२४ बमोजिम पूर्वसुनुवाइ छलफल गराउन अदालतले दुवै पक्षलाई पेशी तारिख तोक्नु पर्नेछः-

(क) अभियुक्तले अदालतमा बयान गर्दा आरोपित कसूर स्वीकार नगरेमा,

(ख) अभियुक्तले अदालतमा बयान गर्दा आरोपित कसूरमा पूर्णरूपमा सावित नभई आंशिक रूपमा सावित भएमा,

(ग) अभियुक्तले साविति बयान गरेतापनि अदालतले थप प्रमाण बुझ्न मनासिव देखेमा।

(२) ऐनको अनुसूची-३ वा अनुसूची-४ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजूरी दाबीलाई अस्वीकार गरी बयान गरेमा वा इन्कारी प्रतिउत्तर दिएमा त्यसरी बयान गरेपछि वा प्रतिउत्तर परेपछि वा सो गर्ने अवधि नाघेपछि अदालतले वादी र प्रतिवादीबीच पूर्वसुनुवाइ छलफल गराउने आदेश गर्न सक्नेछ।

(३) अदालतले पूर्वसुनुवाइ छलफल गराउँदा ऐनको दफा ५१ बमोजिम प्रारम्भिक सुनुवाइ सम्पन्न भएपछि तथा ऐनको परिच्छेद ७ बमोजिम थुनछेकको आदेश हुने मुद्दामा त्यस्तो थुनछेकसम्बन्धी आदेश भए पछि गराउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम वादी प्रतिवादीवीच पूर्वसुनुवाइ छलफल गराउने आदेश भएकोमा अदालतले वादी र उपस्थित प्रतिवादी दुवै पक्षलाई चाहेमा कानून व्यवसायी समेत लिएर उपस्थित हुन पेशी तारिख तोक्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पूर्वसुनुवाइ छलफलको लागि तोकिएको पेशी तारिखको दिन कुनै पक्ष अनुपस्थित भएमा पनि अदालतले उपस्थित भएसम्मका पक्षहरूबीच छलफल गराई मुद्दामा ठहर गर्नु पर्ने कुराको यकिन गर्नु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वसुनुवाइ छलफलको प्रयोजनको लागि तोकिएको तारिख अगावै कुनै पक्षले सो तारिखको दिन उपस्थित हुन नसक्ने आधार र कारण उल्लेख गरी सोको प्रमाणसहित निवेदन दिएमा र निवेदन बेहोरा मनासिब देखिएमा अदालतले पुन: वादी प्रतिवादीबीच पूर्वसुनुवाइ गर्न छलफल गराउनको लागि अर्को तारिख तोक्न सक्नेछ।

(७) यस दफाबमोजिम पूर्वसुनुवाइ छलफल गराउन तोकिएको पेशी तारिखको दिन अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्दा वादी र प्रतिवादीबीचको छलफलमा निजहरूले प्रस्तुत गरेका दाबी, प्रतिवाद र प्रमाणसमेतलाई आधार लिनु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको अनुसूची-४ मा उल्लिखित मुद्दाका पक्षहरू पूर्वसुनुवाइ छलफल गराउन सहमत भएमा र त्यस्तो छलफल गराउन उपयुक्त भएमा पहिलो पेशीमा समेत पूर्वसुनुवाइ छलफल गर्न बाधा पर्ने छैन।

(९) अदालतले उपदफा (५) बमोजिम यकिन भएको ठहर गर्नु पर्ने कुरासमेत खुलाई ऐनको दफा १२५ बमोजिम प्रमाण बुझ्ने आदेश गरी पक्षलाई तारिख तोक्नु पर्नेछ।

## परिच्छेद-६

## मुद्दा तथा इजलास व्यवस्थापनसम्बन्धी

२४. **पेशी सूची**: (१) रजिस्ट्रार वा स्रेस्तेदारले अदालतमा आगामी हप्ता सुनुवाइ हुने मुद्दाको साप्ताहिक पेशी सूची प्रत्येक शुक्रवार प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम साप्ताहिक पेशी सूचीमा प्रकाशित मुद्दाहरू मध्येबाट कानूनमा तोकिएको प्राथमिकताक्रम अनुसार दैनिक पेशी सूची तयार गरी प्रत्येक दिन विहान १०:०० बजे प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारले दैनिक पेशी सूची तयार गर्दा उच्च अदालतको हकमा मुख्य न्यायाधीश र सर्वोच्च अदालतको हकमा प्रधानन्यायाधीशले इजलास निर्धारण गरे बमोजिम तयार गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयहरू साप्ताहिक पेशी सूचीमा नपरेको भए तापनि दैनिक पेशी सूचीमा प्रकाशन गर्न बाधा पुऱ्याएको मानिने छैनः-

(क) अभियोगपत्र,
(ख) फरार प्रतिवादी हाजिर भएको,
(ग) रिट तथा निवेदनको प्रारम्भिक सुनुवाइ,
(घ) बन्दीप्रत्यक्षीकरणको सुनुवाइ,
(ङ) सजाय निर्धारणसम्बन्धी सुनुवाइ,
(च) अन्तरकालीन आदेश उपर परेको निवेदन,
(छ) डिसमिस,
(ज) मिलापत्र,
(झ) मुद्दा फिर्ता,
(ञ) इजलासले पेस गर्न आदेश दिएको विषय,
(ट) रजिस्ट्रार वा स्रेस्तेदारले दिएको आदेश उपरको निवेदन तथा अन्य फुटकर निवेदनहरू।

२५. **इजलासमा जनशक्ति व्यवस्थापन**: (१) पेशी सूची प्रकाशन भईसकेपछि अदालत प्रशासनले सम्बन्धित इजलासमा तोकिएको इजलास अधिकृत, कार्यालय सहयोगी समेतका जनशक्ति उपस्थित भए नभएको कुराको यकिन गरी इजलास सञ्चालन गर्न आवश्यक जनशक्तिको तत्काल व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजलास सञ्चालनको लागि तोकिएका कर्मचारी इजलास चलिरहेको वा मुद्दाको सुनुवाइ भइरहेको अवधिभर इजलासको अनुमति विना इजलासभन्दा अन्यत्र जानु हुँदैन।

२६. **इजलासमा मिसिल व्यवस्थापन**: (१) दैनिक पेशी सूचीमा प्रकाशन भएका मुद्दाको सक्कल मिसिल तथा प्रमाण मिसिल रूजु गरी फाँटवालाले सम्बन्धित इजलास अधिकृतलाई बुझाउनु पर्नेछ।

(२) इजलास अधिकृतले उपदफा (१) बमोजिम मिसिल बुझी लिई सकेपछि देहायका विषयहरू हेरी रूजु गर्नु पर्नेछः-

(क) मुद्दामा थुनुवा रहे नरहेको,

(ख) मुद्दाका दुवै पक्षलाई पेशी तारिख तोकिएको वा नतोकिएको,

(ग) दुवै पक्ष तारिखमा रहे नरहेको,

(घ) पक्षले तारिख गुजारे नगुजारेको र गुजारेको भए तारिख थाम्ने अवधि बाँकी रहे नरहेको,

(ङ) मुद्दा पेशीमा रहेको कुराको जानकारी थुनुवा, सरकारी वकिल कार्यालय वा वैतनिक कानून व्यवसायीलाई दिए नदिएको,

(च) मुद्दामा भएको पूर्वआदेशबमोजिमको काम सम्पन्न भए नभएको,

(छ) सबै प्रतिवादी/प्रत्यर्थीको प्रतिउत्तर/ लिखित जवाफ परे नपरेको,

(ज) कुनै प्रतिवादी/प्रत्यर्थीको प्रतिउत्तर/ लिखित जवाफ नपरेको वा प्रतिवादी फरार रहेको भए पक्राउ पुर्जी वा समाह्वान रीतपूर्वक तामेल भए नभएको,

(झ) फरार रहेको प्रतिवादीको सम्पत्ति रोक्का रहे वा नरहेको,

(ञ) मुद्दामा पक्षले कानून व्यवसायी मुकरर गरे वा नगरेको,

(ट) पेस भएको मिसिलसाथ मुद्दाको टिपोट मिसिल संलग्न रहे नरहेको ।

(३) उपदफा (२) बमोजिम रूजु गर्दा मुद्दाको सुनुवाइ प्रभावित हुने किसिमको कुनै कैफियत देखिएमा इजलास अधिकृतले सोको जानकारी तुरून्त इजलासलाई गराई भएको आदेशबमोजिम गर्नु पर्नेछ।

(४) पेशीमा रहेका मुद्दामध्ये कुनै मुद्दाको पेशी स्थगनका लागि निवेदन पेस भएमा इजलास अधिकृतले स्थगन गर्ने कानून व्यवसायीको मिसिलमा वकालतनामा छ छैन, पहिले पेशी स्थगन भएको छ छैन र स्थगन भएको भए कुन पक्षबाट कतिपटक स्थगन भएको छ हेरी सोको जानकारी सहित त्यस्तो निवेदन इजलाससमक्ष पेस गर्नु पर्नेछ।

(५) इजलासमा सुनुवाइ प्रारम्भ भएपछि इजलास अधिकृतले पेशी सूचीमा रहेका प्रत्येक मुद्दामा तारिखमा रहेका पक्ष वा वारेसको नाम र कानून व्यवसायीको वकालतनामा भएमा त्यस्ता कानून व्यवसायीको नामसमेत क्रमशः टिपोट गरी राख्नु पर्नेछ।

२७. **इजलासको कार्यसम्पादन**: (१) इजलासमा न्यायाधीश उपस्थित भई सुनुवाइसम्बन्धी कार्य प्रारम्भ भएपछि इजलासको निर्देशानुसार इजलास अधिकृतले सुनुवाइमा सहभागी हुने पालो आएको मुद्दामा तारिखमा रहेका पक्ष वा वारेसको नाम बोलाउन लगाउनु पर्नेछ।

(२) सुनुवाइको लागि पक्ष इजलासमा उपस्थित भएमा निजले कानून व्यवसायी राखे नराखेको सोधी राखेको भए बहसको लागि आफ्नो कानून व्यवसायीलाई खबर गर्न लगाउनु पर्नेछ।

(३) सुनुवाइमा सहभागी हुन इजलासबाट बोलाइएकोमा कुनै पक्ष उपस्थित नभएमा अनुपस्थित पक्षलाई पुन: एकपटक बोलाउन लगाउनु पर्नेछ र त्यसरी बोलाउँदासमेत पक्ष वा वारिस उपस्थित नभएमा मुद्दाको कारबाही अगाडि बढाउन सकिनेछ।

(४) इजलासबाट सुनुवाइमा सहभागी हुन बोलाउँदा कुनै पक्षको कानून व्यवसायी उपस्थित नभएको भए त्यस्तो पक्ष वा वारेसलाई रोहवरमा राखी छलफल गराई मुद्दाको कारबाही अगाडि बढाउन सकिनेछ।

(५) ऐनको दफा १२९ बमोजिम बन्द इजलासबाट पुर्पक्ष हुनु पर्ने भनी आदेश भएको मुद्दाको सुनुवाइ शुरू हुँदा मुद्दासँग सम्बन्धित पक्ष, सम्बन्धित कानून व्यवसायी, अदालतका कर्मचारी तथा इजलासले अनुमति दिएका व्यक्ति बाहेक अरूलाई इजलासबाट बाहिर जान लगाउनु पर्नेछ।

(६) बहसका लागि कानून व्यवसायी इजलासमा प्रवेश गर्दा, इजलासमा रहँदा, बहस पैरवी गर्दा र इजलासबाट बाहिर निस्कँदा इजलासको मर्यादा कायम गर्नु पर्नेछ।

(७) अदालतको मर्यादा कायम राख्न मुद्दाका पक्ष र कानून व्यवसायीले न्यायाधीश, कानून व्यवसायी, इजलासमा रहेका कर्मचारी, साक्षी तथा मुद्दाको अर्को पक्षप्रति मर्यादित व्यवहार गर्नु पर्ने र मर्यादित भाषामा सम्बोधन गर्नु पर्नेछ।

२८. **इजलासबाट मुद्दामा भएको कारबाहीको सम्प्रेषण**: (१) दैनिक पेशी सूचीमा रहेका मुद्दामा इजलासबाट भएको सुनुवाइ र कारबाही के कुन क्रममा वा अवस्थामा पुगेको छ भन्ने कुराको अद्यावधिक जानकारी आवश्यकता अनुसार लिखित, मौखिक वा विद्युतीय रूपमा समय समयमा दिनु पर्नेछ।

(२) मुद्दाको सुनुवाइ पछि आदेश भएकोमा आदेशको बेहोरा आदेश पत्रमा तथा फैसला वा अन्तिम आदेश भएकोमा फैसला वा अन्तिम आदेशको संक्षिप्त बेहोरा राय कितावमा लेखी सम्बन्धित न्यायाधीशले दस्तखत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आदेश वा रायकितावमा न्यायाधीशको दस्तखत भएपछि इजलास अधिकृतले तत्काल पेशी सूचीमा र अदालतको कम्प्युटर सफ्टवेयरमा उपलब्ध भए बमोजिमको बेहोराको मुद्दाको स्थिति (स्टाटस) विद्युतीय प्रणालीमा जनाउनु पर्नेछ ।

(४) इजलासबाट फैसला भएका मुद्दामा देहायमा उल्लिखित मध्ये कस्तो फैसला भएको हो सोही बेहोरा स्पष्ट उल्लेख गरी फैसला गर्ने न्यायाधीशको नाम, फैसला मिति, निर्णय नं. समेत मिसिलको अग्रभागमा खुलाई लेखी अन्तिम आदेश वा फैसला तयार गर्ने प्रयोजनका लागि इजलास अधिकृतले मिसिल समेत सुरक्षित राख्नु पर्नेछ।

(क) वादी दाबी पुग्ने,

(ख) दाबी नपुग्ने,

(ग) शुरू सदर हुने,

(घ) उल्टी हुने,

(ङ) केही उल्टी हुने,

(च) रिट जारी हुने,

(छ) खारेज हुने,

(ज) बदर हुने ,

(झ) मिलापत्र हुने,

(ञ) डिसमिस,

(ट) तामेली,

(ठ) मुद्दा फिर्ता हुने,

(ड) मुल्तबी रहने,

(ढ) अन्य जे जस्तो फैसला भएको हो सो बेहोरा।

(५) कुनै मुद्दामा इजलासबाट फैसला हुँदा शुरू फैसला उल्टी वा बदर भई पुनः इन्साफको लागि अघि फैसला गर्ने अदालतमा पठाउने ठहर भई पक्षहरूलाई तारिख तोक्नु पर्ने भएमा इजलास अधिकृतले सोही प्रयोजनको लागि मिसिल तत्काल सम्बन्धित फाँटमा पठाइदिनु पर्नेछ।

(६) इजलासमा मुद्दाको सुनुवाइ हुँदा देखाइएका वा पेस भएका दशी प्रमाणहरू र कुनै सक्कल लिखत रहेको बन्दी खाम खोलिएको भए सो लिखत समेत हेर्ने काम सम्पन्न भए पछि पूर्ववत् रूपमा उक्त सक्कल लिखत खामबन्दी गर्न लगाई इजलास अधिकृतले सुरक्षित राख्न लगाउनु पर्नेछ।

(७) इजलासको कार्य सम्पन्न भएपछि इजलास अधिकृतले पेशी सूचीमा चढेको मुद्दामा आदेश, फैसला, स्थगित वा हेर्न नभ्याएको के हो मिसिल र पेशी सूचीको रूजु गरी सोही बमोजिम कारबाहीको अवस्था जनाए वा नजनाएको, फिर्ता जानु पर्ने मिसिल सम्बन्धित फाँटमा गए वा नगएको, आदेश वा राय किताबमा न्यायाधीशको दस्तखत भए वा नभएको कुराहरूसमेत यकिन गर्नु पर्नेछ।

२९. **<u>इजलासको समय व्यवस्थापन</u>**ः (१) न्यायाधीश निर्धारित समयमा इजलासमा बस्नु पर्नेछ।

(२) दैनिक पेशीमा चढेका मुद्दा मध्ये कुनै मुद्दाको पेशी स्थगन गर्नु परेमा इजलास बस्नु भन्दा अगावै मुद्दाको सम्बन्धित पक्ष वा निजको कानून व्यवसायीले सो सम्बन्धी निवेदन इजलास अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(३) इजलासले पेशी सूचीमा चढेका मुद्दाको संख्या, मुद्दाको प्रकृति, पक्षहरूको संख्या तथा इजलासबाट सम्पादन गर्नु पर्ने अन्य कार्य समेतलाई विचार गरी प्रत्येक मुद्दाको लागि बहसको समय निर्धारण गर्न सक्नेछ।

(४) इजलासले बहसको समय निर्धारण गरेकोमा कानून व्यवसायीले निर्धारित समयभित्र आफ्नो बहस सम्पन्न गर्नु पर्नेछ।

(५) इजलासले बहसको लागि उपदफा (३) बमोजिम निर्धारण गरेको समय मुद्दाको कुनै पक्ष वा कानून व्यवसायीको लागि अपुग हुने भई अतिरिक्त समय आवश्यक पर्ने भएमा सोको उचित र पर्याप्त कारणसहित अतिरिक्त समय माग गरी सम्बन्धित पक्ष वा कानून व्यवसायीले बहस सुरू हुनु भन्दा अघि इजलाससमक्ष अनुरोध गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अतिरिक्त समयको लागि कुनै पक्ष वा कानून व्यवसायीले अनुरोध गरेकोमा त्यस्तो अनुरोध मनासिब देखिएमा इजलासले पक्षलाई आफ्नो भनाई राख्न वा कानून व्यवसायीलाई बहस गर्नको लागि अतिरिक्त समय थप गर्न सक्नेछ।

(७) बहसको लागि समय निर्धारण गरिएकोमा निर्धारित समयभित्रै प्रत्येक मुद्दा वा पक्षको बहस सम्पन्न हुने सुनिश्चितताको लागि इजलासले समय सूचक उपकरण प्रयोगमा ल्याउन सक्नेछ।

३०. **<u>बहस व्यवस्थापन:</u>** (१) एक भन्दा बढी कानून व्यवसायी मुकरर भएको मुद्दामा इजलासले कानून व्यवसायीहरू मध्ये वरिष्ठ कानून व्यवसायीले प्रमुख कानून व्यवसायीको रूपमा र अन्य कानून व्यवसायीले थप तथ्यगत वा कानूनी प्रश्नमा बहस गर्ने गरी बहस व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख कानून व्यवसायीको रूपमा बहस गर्ने जिम्मेवारी लिएको कानून व्यवसायीले इजलासबाट निर्धारण गरिएको समयभित्र आफ्नो पक्षको तर्फबाट रहेका सबै कानून व्यवसायीको बहस सम्पन्न गर्ने लगायत समग्र बहस व्यवस्थापन गर्नु पर्नेछ।

(३) इजलासले कुनै मुद्दाको अन्तिम सुनुवाइ गर्दा बहस शुरू हुनु अघि ऐनको दफा १२४ बमोजिम पूर्वसुनुवाइ छलफलबाट ठहर गर्नु पर्ने भनी यकिन भएका कुरालाई समेत विचार गरी बहसको क्रममा छलफल हुने मुख्य बुँदा निर्धारण गर्न सक्नेछ।

(४) मुद्दामा इजलास समक्ष बहस गर्दा प्रारम्भमा निवेदक, वादी वा पुनरावेदककोतर्फबाट उपस्थित कानून व्यवसायीले र त्यसपछि प्रतिवादी वा प्रत्यर्थीको तर्फबाट उपस्थित कानून व्यवसायीले बहस गर्ने गरी इजलासले बहसको क्रम निर्धारण गर्नेछ।

तर निवेदक, वादी वा पुनरावेदकको तर्फबाट कानून व्यवसायी उपस्थित नभएमा प्रतिवादी वा प्रत्यर्थीको तर्फबाट उपस्थित कानून व्यवसायीले बहस प्रारम्भ गर्न बाधा पर्ने छैन।

(५) कुनै मुद्दामा दुवै पक्षको तर्फबाट निवेदन वा पुनरावेदन परेको रहेछ भने कुन पक्षका कानून व्यवसायीले बहस प्रारम्भ गर्ने भन्ने कुरा इजलासले निर्धारण गरे बमोजिम हुनेछ।

(६) अदालतको सहयोगी (एमिकस क्युरी) को रूपमा उपस्थित हुन अदालतबाट आदेश भएकोमा निवेदक/वादी/पुनरावेदक तथा प्रतिवादी/प्रत्यर्थी पक्षको बहस समाप्त भए पश्चात त्यस्तो अदालतको सहयोगी (एमिकस क्युरी) ले बहस गर्नेछ।

(७) कानून व्यवसायीले बहस गर्दा मुद्दामा यकिन भएको ठहर गर्नुपर्ने प्रश्नमा केन्द्रित रही बहस गर्नु पर्नेछ।

३१. **<u>इजलासको सुरक्षा व्यवस्थापन</u>**: (१) पक्राउ परी वा आफैं हाजिर हुन आएका अभियुक्तलाई इजलासबाट थुनछेकको आदेश नभएसम्म सुरक्षा निगरानीमा राख्न रजिस्ट्रार वा स्रेस्तेदारले अदालतको सुरक्षाकर्मीलाई आदेश दिनु पर्नेछ।

(२) रजिस्ट्रार वा स्रेस्तेदारले सुनुवाइको लागि अदालतमा उपस्थित गराइएका थुनुवा वा हिरासतमा राख्ने अनुमतिका लागि उपस्थित गराइएका अभियुक्तलाई भाग्न उम्कन नपाउने गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

(३) रजिस्ट्रार वा स्रेस्तेदारले मुद्दाको संवेदनशिलता तथा सुनुवाइको क्रममा इजलासमा हुनसक्ने भीडलाई विचार गरी अदालतको सुरक्षा इकाईसँग समन्वय गरी इजलास तथा मिसिलको आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

(४) मुद्दाको सुनुवाइको क्रममा इजलासमा झगडा गर्ने, होहल्ला गर्ने वा अन्य कुनै अस्वभाविक कार्य गरी इजलासको काम कारबाहीमा अवरोध पुऱ्याउने मुद्दाका पक्ष वा अन्य व्यक्तिलाई इजलासबाट वाहिर जान इजलासले आदेश दिन सक्नेछ।

३२. **अदालतको सुरक्षा व्यवस्थापन**: (१) रजिस्ट्रार वा स्रेस्तेदारले अदालतको सुरक्षार्थ रहेको सुरक्षा इकाई हरहमेसा प्रशासन शाखाको सम्पर्क र समन्वयमा रहने व्यवस्था मिलाउनु पर्नेछ।

(२) रजिस्ट्रार वा स्रेस्तेदारको निर्देशनबमोजिम सुरक्षा इकाईले अदालतको सुरक्षा संवेदनशिलतालाई विचार गरी प्रवेश नियमित गर्न सक्नेछ।

(३) अदालतको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन रजिस्ट्रार वा स्रेस्तेदारको निर्देशन बमोजिम सुरक्षा इकाईले सुरक्षा जाँचका लागि आवश्यक उपकरणहरूको प्रयोग गर्ने, प्रवेश अनुमतिपत्र जारी गर्ने, दैनिक आवागमनको अभिलेख राख्ने लगायतका कार्यहरू गर्न सक्नेछ।

(४) रजिस्ट्रार वा स्रेस्तेदारले अदालतको सुरक्षा व्यवस्थाका सम्बन्धमा सुरक्षा इकाईसँग नियमित रूपमा सूचना लिई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) सुरक्षा इकाईले अदालतमा लिई आउन नहुने वस्तुहरूको सूची मूल प्रवेशद्वारमा टाँस्ने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-७

## साक्षी तथा पीडित संरक्षणसम्बन्धी

३३. **साक्षी तथा पीडित संरक्षण कक्ष**: (१) प्रत्येक अदालतमा साक्षी तथा पीडितको संरक्षणसम्बन्धी आवश्यक कार्य गर्न छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कक्षको सञ्चालन र व्यवस्थापनको लागि साक्षी संरक्षण अधिकृतसहित आवश्यकताअनुसारको संख्यामा कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(३) साक्षी तथा पीडित संरक्षण कक्षमा अदालतबाट तोकिएका कर्मचारी, सुरक्षाकर्मी, मनोचिकित्सक र आवश्यकताअनुसार अन्य सामाजिक परामर्शदाता रहन सक्नेछन्।

(४) साक्षी तथा पीडित संरक्षण कक्षले मुद्दाका पीडित तथा साक्षीलाई देहायका विषयमा आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछः-

(क) मुद्दाको कारबाहीको प्रक्रिया,

(ख) पीडित र साक्षीहरूलाई उपस्थित हुन आदेश दिनुको कारण,

(ग) मुद्दाको कारबाहीमा पीडित तथा साक्षीको भूमिका,

(घ) पीडितको अधिकार,

(ङ) पीडित तथा साक्षीको बकपत्र हुने स्थान, समय र लाग्न सक्ने अवधि,

(च) कानूनबमोजिम पीडित तथा साक्षीले पाउने सुविधा।

(५) साक्षी तथा पीडित संरक्षण कक्षमा सम्बन्धित अदालतमा दायर भई विचाराधीन रहेका ऐनको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा पीडित तथा साक्षीको नाम, थर, वतन, सम्पर्क टेलिफोन नम्बर र उपलब्ध भएसम्मका अन्य विवरणसहितको अद्यावधिक अभिलेख राख्नुपर्नेछ।

(६) साक्षी संरक्षण अधिकृतले उपदफा (५) बमोजिमको अभिलेख गोप्य राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

३४. **<u>साक्षी वा पीडितले निवेदन दिन सक्ने</u>**: (१) ऐनको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कुनै साक्षी वा पीडितले अदालतसमक्ष उपस्थित हुन आउँदा वा बकपत्र गर्दा वा अदालतमा बकपत्र गरिसके पछि आफू उपर कुनै पनि किसिमको सुरक्षा खतरा हुन सक्ने भन्ने महसुस गरेमा सुरक्षाका लागि ऐनको दफा ११४ बमोजिम सम्बन्धित अदालतको साक्षी तथा पीडित संरक्षण कक्षमा अनुसूची- ५ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदकलाई को कसबाट वा के कसरी सुरक्षामा खतरा रहेको हो भन्ने कुरा खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन परेमा साक्षी तथा पीडित संरक्षण अधिकृतले निवेदकसँग सुरक्षामा खतरा महसुस गरेको कारण, अदालतबाट अपेक्षा गरेको सहयोग तथा सम्भावित संरक्षणका उपायहरू खुलाउन लगाई टिपोट तयार गर्नु पर्नेछ।

३५. **<u>इजलाससमक्ष पेस गर्ने</u>**: (१) साक्षी संरक्षण अधिकृतले दफा ३४ बमोजिम प्राप्त हुन आएको निवेदन र सो सम्बन्धमा तयार गरेको टिपोटसमेत इजलास समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस हुन आएको निवेदन इजलासले अध्ययन गरी सो सम्बन्धमा सम्बन्धित निवेदकसँग छलफल गर्दा निवेदन बेहोरा मनासिव देखिएमा साक्षी वा पीडितको संरक्षणको लागि देहायको कुनै उपाय अवलम्बन गर्न आदेश दिन सक्नेछः-

(क) साक्षी वा पीडितलाई अदालतमा आउँदा जाँदा सुरक्षाको व्यवस्था गर्ने,

(ख) साक्षी वा पीडितलाई आवश्यकताअनुसार मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउने,

(ग) साक्षी वा पीडितलाई आवश्यकताअनुसार संरक्षण गृह वा अन्य उपयुक्त सुरक्षित स्थानमा राख्ने व्यवस्था मिलाउने,

(घ) साक्षी वा पीडितलाई आवश्यकताअनुसार बसोबास गरेको स्थानबाट स्थानान्तरण गरी सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउने,

(ङ) सम्बन्धित साक्षी वा पीडितको सुरक्षाको लागि अंगरक्षक खटाउने,

(च) साक्षी वा पीडितको बसोबास रहेको स्थानमा सुरक्षा व्यवस्था मिलाउने,

(छ) सम्बन्धित साक्षी वा पीडितको नाम परिच्छेद ८ बमोजिम परिवर्तन गरी बकपत्र गराउने,

(ज) सम्बन्धित साक्षी वा पीडितको निरन्तर निगरानी गर्ने।

(झ) साक्षी वा पीडितलाई अनुचित डर त्रासमा पार्ने, धम्की दिने लगायतको काम गरी न्याय सम्पादनको कार्यमा नै अवरोध सिर्जना गर्ने प्रकृतिको कसूरजन्य काम भएको पाइएमा त्यस्तो व्यक्ति उपर प्रचलित कानून बमोजिम अनुसन्धान गर्न आदेश दिने,

(ञ) अभियुक्तले नदेख्ने वा नभेट्ने व्यवस्था मिलाई साक्षी वा पीडितको बकपत्र गराउने,

(ट) साक्षी वा पीडितको सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त व्यवस्था मिलाउने।

३६. **आदेशको कार्यान्वयन**: (१) दफा ३५ बमोजिम साक्षी वा पीडितको संरक्षणको लागि इजलासबाट कुनै आदेश भएमा त्यस्तो आदेशको कार्यान्वयन स्रेस्तेदार वा रजिस्ट्रारसँग समन्वय गरी साक्षी संरक्षण अधिकृतले गर्ने वा गराउनेछ ।

(२) साक्षी संरक्षण अधिकृतले दफा ३५ बमोजिम इजलासबाट भएको आदेशको कार्यान्वयन अन्य निकायबाट हुनु पर्ने देखेमा त्यस्तो आदेश कार्यान्वयनको लागि सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ।

(३) अदालतबाट उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो आदेशको तत्काल कार्यान्वयन गरी सोको जानकारी अदालतलाई दिनु पर्नेछ।

३७. **बकपत्र गराउने विशेष व्यवस्था**: (१) दफा ३५ बमोजिम कुनै मुद्दाको पीडित वा साक्षीको बकपत्र सम्बन्धित अभियुक्त वा त्यस्तो मुद्दाका अन्य साक्षीहरूसँग प्रत्यक्ष भेट नहुने गरी अलग्गै कक्षमा गराउने आदेश भएमा सो प्रयोजनको लागि अदालतको स्रेस्तेदार वा रजिस्ट्रारसँग समन्वय गरी साक्षी संरक्षण अधिकृतले त्यस्तो बकपत्र कक्षको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएको बकपत्र कक्षमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत पीडित वा साक्षीको बकपत्र गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम बकपत्र गराउँदा अभियुक्त वा कानून व्यवसायीले अप्रत्यक्ष रूपमा पीडित वा साक्षीलाई देख्न र सोधपुछ वा जिरह वा पुनःसोधपुछ गर्न सक्नेछ।

३८. **कारबाही गोप्य रहने**: यस परिच्छेदबमोजिम पीडित वा साक्षी संरक्षणको सम्बन्धमा परेको निवेदन र त्यस्तो निवेदन उपर भएको कारबाही गोप्य राख्नु पर्नेछ।

तर पीडित वा साक्षीले गरेको बकपत्र गोप्य रहने छैन ।

## परिच्छेद-८

## पीडित वा साक्षीको परिचयको गोपनीयतासम्बन्धी

३९. **<u>व्यक्तिगत परिचय गोप्य राख्नु पर्ने:</u>** मुद्दाको काम कारबाहीको सम्बन्धमा कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षी वा बालबालिकाको परिचय ऐनको दफा १८३ बमोजिम देहायको अवस्थामा गोप्य राख्नु पर्नेछः-

(क) त्यस्तो व्यक्तिको परिचय सार्वजनिक गर्दा सामाजिक प्रतिष्ठा वा इज्जतउपर प्रतिकूल प्रभाव पर्न सक्ने,

(ख) निजको परिचय सार्वजनिक हुँदा मानसिक रूपमा पीडावोध हुन सक्ने,

(ग) भविष्यको वैयक्तिक जीवनमा प्रतिकूल प्रभाव पर्न सक्ने,

(घ) निजउपर अभियुक्त, प्रतिवादी वा अन्य कुनै व्यक्ति वा पक्षबाट अनुचित, डर त्रास वा भय हुन सक्ने,

(ङ) निजको जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने।

**<u>स्पष्टीकरण:</u>** यस परिच्छेदको प्रयोजनको लागि "मुद्दा" भन्नाले ऐनको दफा १८३ बमोजिम पीडित वा साक्षी वा बालबालिकाको परिचय गोप्य राखिने मुद्दा सम्झनु पर्छ।

४०. **<u>अदालतमा निवेदन दिनु पर्ने:</u>** (१) दफा ३९ बमोजिम परिचय गोप्य राख्नु पर्ने अवस्था देखिएमा त्यस्ता व्यक्तिहरूको परिचय गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकिलमार्फत अदालतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदन स्रेस्तेदार वा रजिस्ट्रारले इजलाससमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पेस हुन आएमा सम्बन्धित अनुसन्धान अधिकारीसँग छलफलसमेत गरी बेहोरा उपयुक्त देखिएमा निवेदन मागबमोजिम त्यस्तो व्यक्तिको परिचय गोप्य राख्ने गरी इजलासले आदेश दिन सक्नेछ।

(४) कसूरबाट पीडित, साक्षी वा बालबालिकाको परिचय गोप्य राख्न उपदफा (१) बमोजिम निवेदन नपरेको अवस्थामा समेत मुद्दाको प्रकृति तथा सो मुद्दाका पीडित, साक्षी वा बालबालिकाको व्यक्तिगत परिचय गोप्य राख्न आवश्यक देखेमा इजलासले पक्राउ पुर्जी जारी गर्ने अनुमति दिँदा वा अनुसन्धानको लागि अभियुक्तलाई हिरासतमा राख्न अनुमति दिँदा सोको लागि आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम आदेश भएमा अनुसन्धान समाप्त नभएको भए अनुसन्धान अधिकृतले, अभियोजन नभइसकेको भए सरकारी वकिलले र मुद्दा दायर भइसकेको भए स्रेस्तेदार वा रजिष्टेरारले यसै परिच्छेदबमोजिम कसूरबाट पीडित, साक्षी वा बालबालिकाको परिचय गोप्य राख्नु पर्नेछ ।

४१. **<u>गोप्य राख्नु पर्ने कुराहरू</u>**: दफा ४० बमोजिम परिचय गोप्य राख्न आदेश भएको मुद्दामा कारबाही हुँदा पीडित, साक्षी वा बालबालिकाको देहायका कुराहरू गोप्य राख्नु पर्नेछः-

(क) निजको नाम, थर, वतन,

(ख) निजको बाबु र आमाको नाम, थर, वतन,

(ग) निजको हुलिया,

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका निजको पहिचान खुल्ने अन्य सम्बद्ध विवरणहरू।

४२. **परिचय गोप्य राखिएको व्यक्तिलाई साङ्केतिक नाम दिनुपर्ने:** (१) यस परिच्छेदबमोजिम परिचय गोप्य राखिएको व्यक्तिलाई छुट्टै साङ्केतिक नाम दिई निजको वास्तविक परिचयात्मक विवरण र साङ्केतिक नामलाई नियमावलीको अनुसूची -२० बमोजिमको ढाँचामा शिलबन्दी गरी मिसिल संलग्न राख्नु पर्नेछ।

(२) परिचय गोप्य राखिएको व्यक्तिको वास्तविक परिचयात्मक विवरण उल्लेख भएको मिसिल संलग्न कुनै कागज प्रमाणसमेत गोप्य राखु पर्ने देखिएमा त्यस्तो कागज प्रमाणलाई शिलबन्दी गरी त्यस्तो कागज प्रमाणमा रहेको परिचयात्मक विवरणबाहेकको अन्य बेहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राखु पर्नेछ।

(३) गोप्य राखिएका परिचयात्मक विवरणहरूको गोप्यता संरक्षणको लागि अदालत वा सम्बन्धित कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गरी वा सङ्केत चिह्न दिई नियमावलीको अनुसूची -२१ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

४३. **गोप्य राखिएको परिचय प्रकाश गर्नु नहुने:** (१) यस परिच्छेद बमोजिम गोप्य राखिएको साक्षी तथा पीडितको परिचय मुद्दाको अनुसन्धान, अभियोजन, सुनुवाइ, फैसला र फैसला कार्यान्वयन लगायतका कारवाईमा गोप्य राखु पर्नेछ ।

(२) गोप्य राखिएको त्यस्तो परिचय अभियोगपत्र, उजूरी, प्रतिउत्तरपत्र, निवेदन, प्रतिवेदन, पुनरावेदनपत्र, फैसला वा अदालत वा अन्य निकायले गर्ने प्रकाशनमा समेत गोप्य राखु पर्नेछ ।

(३) मुद्दाको कारबाहीमा संलग्न भई गोप्य राखिएको परिचय थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारी लगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण प्रकाश गर्नु हुँदैन ।

(४) कसैले गोप्य राखिएको परिचय खुलाउन सम्बन्धित व्यक्तिलाई वाध्य पार्नु हुँदैन।

(५) यस परिच्छेदबमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य नै राखु पर्नेछ।

४४. **गोप्य राखिएको परिचय खुल्ला गर्न सकिने**ः यस परिच्छेदबमोजिम गोप्य राखिएको परिचय देहायको अवस्थामा अदालतले खुल्ला गर्न अनुमति दिन सक्नेछः–

(क) कानूनबमोजिम खुल्ला गर्न आवश्यक देखिएमा,

(ख) स्वच्छ न्यायिक सुनुवाइको संरक्षणका लागि आवश्यक देखिएमा,

(ग) परिचय गोप्य राखिएको व्यक्तिले सो विवरण गोप्य राख्न जरूरी नभएको भनी लिखित निवेदन दिएमा ।

४५. **साङ्केतिक नामको प्रयोग गर्नुपर्ने:** (१) यस परिच्छेदबमोजिम परिचय गोप्य राखिएको व्यक्तिको परिचयात्मक विवरण उल्लेख गर्दा निजलाई सङ्केत गर्न दिइएको नाम, नम्बर वा चिह्नद्वारा नै गरिनेछ।

(२) परिचय गोप्य राखिएको व्यक्तिले दस्तखत गर्दासमेत सोही सांकेतिक नाम, नम्बर वा चिह्नबाट गर्नु पर्नेछ।

(३) यस परिच्छेदबमोजिम परिचय गोप्य राखिएको व्यक्तिलाई निजको साङ्केतिक नाम, नम्बर वा चिह्न उल्लेख भएको जानकारी पत्र दिनु पर्नेछ ।

४६. **म्याद, सूचना र पत्राचार गर्ने कार्यविधि:** (१) अदालतद्वारा परिचय गोप्य राखिएका व्यक्तिका नाममा म्याद वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको सांकेतिक नाम, नम्बर वा चिह्नबाट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको साङ्केतिक नामको म्याद वा सूचना तामेल गर्दा निजलाई पहिचान गर्ने प्रयोजनका लागि अदालतले निजको वास्तविक नाम तथा वतनको जानकारी म्याद तामेल गर्ने कर्मचारीलाई गराउनु पर्नेछ ।

(३) म्याद तामेल गर्ने कर्मचारी तथा म्याद वा सूचना तामेलीको प्रकृयामा परिचय गोप्य राखिएका व्यक्तिको वास्तविक नाम तथा वतन थाहा पाउने व्यक्तिले समेत त्यस्तो व्यक्तिको वास्तविक नाम तथा वतन निजलाई पहिचान गर्ने तथा म्याद तामेल गर्ने प्रयोजनको लागि बाहेक अन्य अवस्थामा गोप्य राख्नु पर्नेछ ।

४७. **प्रतिवेदन दिनु पर्ने:** (१) यस परिच्छेदबमोजिम गोप्य राखिएको परिचयात्मक विवरण कसैले दफा ४३ विपरीत प्रकाशमा ल्याएमा त्यस्तो कुराको प्रतिवेदन सम्बन्धित अदालतसमक्ष पेस गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेस भएमा त्यस्तो प्रतिवेदन इजलाससमक्ष पेस गरी भएको आदेशबमोजिम गर्नु पर्नेछ।

## परिच्छेद- ९

## बन्द इजलाससम्बन्धी

४८. **बन्द इजलासबाट सुनुवाइ हुने:** (१) ऐनको दफा १२९ बमोजिम देहायका मुद्दाको सुनुवाइ खुला इजलासमा नगरी बन्द इजलासबाट गर्नु पर्नेछः-

(क) जासुसी,
(ख) मानव बेचबिखन तथा ओसारपसार,
(ग) यौनजन्य कसूर,
(घ) बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा,
(ङ) महिला विरूद्धको हिंसा,
(च) जबरजस्ती करणी,
(छ) हाडनाता करणी,
(ज) पति पत्नीबीच चलेको फौजदारी मुद्दा,
(झ) पारिवारिक सम्बन्ध, नाता कायम, विवाह र सम्बन्ध विच्छेदसम्बन्धी देवानी मुद्दा (मुलुकी देवानी संहिता ऐन, २०७४ को दफा २६८ को उपदफा (२)),
(ञ) प्रचलित कानूनबमोजिम बन्द इजलासबाट सुनुवाइ हुने मुद्दा,
(ट) अदालतले बन्द इजलासमा सुनुवाइ गर्न उचित देखी आदेश गरेको मुद्दा ।

(२) उपदफा (१) को खण्ड (ट) को प्रयोजनका लागि मुद्दाको कुनै पक्षले आफू पक्ष भएको मुद्दा बन्द इजलासबाट सुनुवाइ गरी पाउँ भनी अदालतसमक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा र निवेदन माग बमोजिम मुद्दा बन्द इजलासबाट सुनुवाइ गर्न उचित देखेमा त्यस्तो मुद्दाको सुनुवाइ बन्द इजलासबाट हुने गरी अदालतले आदेश दिन सक्नेछ।

(४) बन्द इजलासबाट हेरिने मुद्दाको सुनुवाइ हुँदा इजलासमा मुद्दाका पक्ष, सम्बन्धित कानून व्यवसायी, अदालतका कर्मचारी र अदालतले अनुमति दिएका व्यक्ति मात्र उपस्थित हुन पाउनेछन्।

४९. **<u>बन्द इजलासको व्यवस्थापन:</u>** (१) बन्द इजलास सञ्चालन गर्न इजलासको निर्देशनमा सम्बन्धित इजलास अधिकृतले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) बन्द इजलास सञ्चालनमा रहेको जानकारी सम्बन्धित सबैले थाहा पाउन सक्ने गरी इजलासको प्रवेश द्वारमा आवश्यक व्यवस्था गर्नु पर्नेछ।

५०. **<u>प्रतिलिपि दिन वा समाचार सम्प्रेषण गर्न नहुने</u>:** (१) बन्द इजलासबाट सुनुवाइ भएको मुद्दाको कागजातको प्रतिलिपि मुद्दाका पक्ष, पीडित वा निजको संरक्षक बाहेकको कुनै व्यक्तिलाई दिनु हुँदैन।

(२) उपदफा (१) बमोजिम कागजातको प्रतिलिपि लिएका मुद्दाका पक्ष, पीडित वा निजको संरक्षकले समेत बन्द इजलासबाट हेरिएका मुद्दाको कारबाही सार्वजनिक गर्न वा त्यस्तो मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन ।

तर अदालतले अनुमति दिएमा मुद्दाका पक्ष वा पीडितको परिचय नखुल्ने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

## <u>परिच्छेद- १०</u>

## <u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) सम्बन्धी</u>

५१. **<u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) सम्बन्धी व्यवस्था</u>**: सर्वोच्च अदालतले मातहतका अदालतमा श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउनको लागि आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा प्राविधिक जनशक्तिको व्यवस्था मिलाउनेछ।

५२. **<u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न निवेदन दिन सक्ने</u>**: (१) शारीरिक रूपमा अशक्त वा बालबालिका भएको वा सुरक्षाको कारणले गर्दा आफूले पेस गरेको कुनै साक्षीलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा साक्षी बकपत्रको लागि तोकिएको दिनभन्दा कम्तीमा सात दिन अगावै सम्बन्धित पक्षले सोको कारण खोली श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझ्नको लागि सम्बन्धित अदालतमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका विवरण उल्लेख गरी सोसम्बन्धी प्रमाणसमेत पेस गर्नु पर्नेछ:-

(क) साक्षीको नाम, थर, वतन,

(ख) साक्षी रहे/बसेको स्थान,

(ग) साक्षीको पहिचान खुल्ने प्रमाण,

(घ) अदालतमा उपस्थित हुन नसक्ने आधार र कारण,

(ङ) निवेदन बेहोरा पुष्टि गर्ने प्रमाण,

(च) अन्य आवश्यक कुरा।

**५३. <u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्ने आदेश दिन सक्ने</u>**: (१) कुनै पक्षले दफा ५२ बमोजिम श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत आफ्नो साक्षी बुझ्नको लागि निवेदन दिएमा त्यस्तो निवेदन स्रेस्तेदार वा रजिस्ट्रारले इजलाससमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको निवेदनको बेहोरा मनासिव देखिई त्यस्तो साक्षीलाई श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझ्नु पर्ने भएमा सोसम्बन्धी भौतिक पूर्वाधार, उपकरण र प्राविधिक जनशक्तिको उपलब्धतासमेतलाई विचार गरी त्यस्तो साक्षीलाई श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बकपत्र गराउने गरी ऐनको दफा १०९ को उपदफा (३) बमोजिम इजलासले आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम आदेश गर्दा श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बकपत्र गराउने संवादस्थल समेत तोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम संवादस्थल तोक्दा उपलब्ध सुविधा र उपयुक्तता समेत विचार गरी साक्षीको बसोबास रहेको स्थानको नजिकको अदालत, सरकारी कार्यालय, संस्था वा अन्य उपयुक्त स्थानमा रहने गरी तोक्नु पर्नेछ।

**५४. <u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) को लागि तारिख तोक्ने</u>**: (१) दफा ५३ बमोजिम श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउने आदेश भएमा इजलासबाट तोकिएको संवादस्थलमा पुग्न लाग्ने समय र अन्य आवश्यक कुराहरू समेत विचार गरी स्रेस्तेदार वा रजिस्ट्रारले श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र हुने तारिख तोक्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तारिख तोकिएको जानकारी थुनुवा र अनुसूची -१ वा अनुसूची -२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दामा सम्बन्धित सरकारी वकिल कार्यालयलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र हुने संवादस्थलमा उपस्थित हुन सम्बन्धित स्थानीय तहको सदस्य वा प्रतिनिधिलाई लेखी पठाउनु पर्नेछ।

(४) श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउँदा आवश्यक सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय प्रहरीको सहयोग लिन सकिनेछ ।

**५५. <u>डोर खटाउनु पर्ने</u>**: (१) दफा ५३ बमोजिम श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउने आदेश भएकोमा स्रेस्तेदार वा रजिस्ट्रारले इजलासबाट तोकिएको संवादस्थलमा प्राविधिक कर्मचारीसहितको डोर खटाउनु पर्नेछ।

(२) स्रेस्तेदार वा रजिस्ट्रारले त्यस्तो संवादस्थलमा श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बकपत्र गराउनको लागि आवश्यक पर्ने उपकरणको व्यवस्था मिलाउनु पर्नेछ।

**५६. <u>संवाद स्थलमा उपस्थित हुन अनुमति लिनु पर्ने</u>**: (१) मुद्दाको कुनै पक्षले संवादस्थलमा नै उपस्थित भई साक्षीको सोधपुछ, जिरह वा पुन: सोधपुछ गर्न पाउँ भनी अदालतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा साक्षीको सुरक्षा वा अन्य कारणले अनुमति दिन नसकिने अवस्थामा बाहेक अदालतले त्यस्तो पक्षलाई संवादस्थलमा नै उपस्थित भई साक्षीको सोधपुछ, जिरह वा पुन: सोधपुछ गर्न अनुमति दिन सक्नेछ।

**५७. <u>साक्षीको पहिचान गर्नु पर्ने</u>**: (१) श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बकपत्र गराउनु अघि खटिएको कर्मचारीले बकपत्र गराउनु पर्ने साक्षीको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान गर्दा कर्मचारीले त्यस्तो साक्षीलाई आफ्नो पहिचान खुल्ने विश्वसनीय प्रमाण पेस गराउन वा आवश्यक भए स्थानीय व्यक्तिहरू समेत राखी मुचुल्का गराउन सक्नेछ।

(३) पहिचान भएको साक्षीलाई बकपत्र गर्न संवादस्थलमा रहेको उपकरणलाई अदालतमा रहेको श्रव्य दृश्य उपकरणसँग सम्पर्क कायम गरी बकपत्रको व्यवस्था मिलाउनु पर्नेछ।

**५८. <u>साक्षीको बकपत्र गराउने</u>**: (१) श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउने सम्बन्धी तयारी सम्पन्न भएपछि इजलासले अदालतमा रहेको श्रव्य दृश्य उपकरण मार्फत संवादस्थलमा रहेको श्रव्य दृश्य उपकरणमा साक्षी, मुद्दाको पक्ष र कर्मचारी टोलीको अवलोकन गरी साक्षीलाई ऐनको अनुसूची -३७ बमोजिमको ढाँचामा शपथ गराई बकपत्र गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बकपत्र गराउँदा दफा ५६ बमोजिम अनुमति पाएको मुद्दाका पक्षले संवादस्थलबाट र न्यायाधीश, सम्बन्धित पक्ष वा निजको कानून व्यवसायीले अदालतमा रहेको श्रव्य दृश्य उपकरणको अगाडि उपस्थित भई साक्षीसँग दोहोरो संवाद हुन सक्ने र एक अर्कालाई देख्न र सुन्न सक्ने गरी सोधपुछ, जिरह वा पुन: सोधपुछ गर्न सक्नेछन्।

(३) श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गराउँदा अदालतले आवश्यक देखेको जुनसुकै कुरा जुनसुकै बखत साक्षीलाई सोध्न सक्नेछ ।

**५९. <u>अभिलेख राख्नु पर्ने</u>**:(१) यस परिच्छेदबमोजिम श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र गरेको कुरा रेकर्ड गरी सोको विद्युतीय अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय अभिलेखबाट साक्षीले सोधपुछ, जिरह वा पुन: सोधपुछको क्रममा वा अदालतले सोधेको प्रश्नको जवाफ दिने क्रममा व्यक्त गरेका कुराहरू अनुसूची-७ बमोजिमको ढाँचामा टिपोट गराई न्यायाधीशले प्रमाणित गर्नु पर्नेछ।

६०. **<u>मुचुल्का गराउनु पर्ने</u>**: (१) श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षीको बकपत्र भएकोमा संवादस्थलमा ऐनको अनुसूची-४० बमोजिमको ढाँचामा मुचुल्का गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मुचुल्कामा संवादस्थलमा उपस्थित भएसम्मका मुद्दाका पक्ष, कानून व्यवसायी, स्थानीय तहको सदस्य वा प्रतिनिधि र कम्तीमा दुई जना स्थानीय व्यक्तिहरूलाई रोहवरमा राखी अदालतबाट खटिएका कर्मचारीहरूले समेत दस्तखत गर्नु पर्नेछ।

६१. **मिसिल सामेल राख्नु पर्ने**: (१) दफा ५९ को उपदफा (१) बमोजिम रेकर्ड गरिएको बकपत्रको विद्युतीय अभिलेख स्रेस्तेदार वा रजिस्ट्रारले खामबन्दी गरी सम्बन्धित मिसिल सामेल राख्नु पर्नेछ।

(२) दफा ५९ को उपदफा (२) बमोजिम गरिएको बकपत्रको टिपोट र दफा ६० बमोजिम गरिएको मुचुल्कासमेत मिसिल सामेल राख्नु पर्नेछ।

## परिच्छेद-११

## म्याद तारिखसम्बन्धी

६२. **पक्राउ पुर्जी जारी गर्ने:** (१) ऐनको अनुसूची- १ वा अनुसूची-२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दामा अदालत समक्ष अभियोगपत्र दायर भएपछि अभियोगपत्र साथ उपस्थित नभएका अभियुक्तलाई अदालतमा उपस्थित गराउन ऐनको दफा ५७ को उपदफा (१) बमोजिम स्रेस्तेदार वा रजिस्ट्रारले पक्राउ पुर्जी जारी गर्नु पर्नेछ।

(२) अदालतले पक्राउ पुर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्तिको पूरा नाम र ठेगाना, टोल, टेलिफोन नम्बर, बाबु आमाको नाम थरसमेतका विवरणहरू स्पष्ट रूपमा खुलाई ऐनको अनुसूची–२३ बमोजिमको ढाँचामा पक्राउ पुर्जी जारी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्राउ पुर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्तिको नाउँमा निज रहे बसेको वा रहन बस्न सक्ने इलाकाको प्रहरी कार्यालयले कार्यान्वयन गर्ने गरी जारी गर्नु पर्नेछ।

तर अदालतले आवश्यक सम्झेमा अदालतकै कर्मचारीले कार्यान्वयन गर्ने गरी पनि पक्राउ पुर्जी जारी गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पक्राउ पुर्जी जारी भएको मितिले ७ दिनभित्र पक्राउ गर्नु पर्ने व्यक्ति फेला नपरेमा त्यस्तो व्यक्तिको नाउँमा ऐनको अनुसूची-२५ बमोजिमको ढाँचामा पैंतीस दिने पक्राउ पुर्जी जारी गर्नु पर्नेछ ।

(५) पक्राउ पुर्जी जारी भएको व्यक्तिलाई त्यस्ता पुर्जीबमोजिम पक्राउ गर्न सकिनेछ र त्यस बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ पुर्जी देखाई ऐनको दफा ५७ को उपदफा (७) तथा अनुसूची-२२ बमोजिमको ढाँचामा जारी गरी पठाएको सूचनासमेत निजलाई दिनु पर्नेछ ।

६३. **समाह्वान जारी गर्ने:** (१) स्रेस्तेदार वा रजिस्ट्रारले ऐनको दफा ५७ को उपदफा (२) वा (३) बमोजिम पक्राउ पुर्जी जारी हुने कसूरसम्बन्धी मुद्दा बाहेक अन्य कसूरसम्बन्धी मुद्दाको अभियुक्तको नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समाह्वान जारी गर्दा उजुरी वा अभियोगपत्र दायर भएको तीन दिनभित्र अभियोग वा उजुरीमा प्रतिवादी बनाइएका हरेक व्यक्तिको नाममा जारी गरी तामेल गर्न पठाउनु पर्नेछ।

(३) ऐनको अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित कसूरसम्बन्धी मुद्दामा कम्तीमा पन्ध्र दिन अगावै ऐनको अनुसूची- २६ बमोजिमको ढाँचामा समाह्वान जारी गर्नु पर्नेछ।

(४) ऐनको अनुसूची-३ मा उल्लिखित मुद्दामा समाह्वान जारी गर्दा इजलासबाट भएको आदेश बमोजिमको म्याद दिई ऐनको अनुसूची- २७ बमोजिमको ढाँचामा समाह्वान जारी गर्नु पर्नेछ।

(५) ऐनको अनुसूची-४ मा उल्लिखित मुद्दामा समाह्वान जारी गर्दा पन्ध्र दिनको म्याद दिई ऐनको अनसूची- २७ बमोजिमको ढाँचामा समाह्वान जारी गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम समाह्वान जारी गर्दा तामेल गर्न सहज हुने गरी अभियुक्त वा प्रतिवादीको नाम थर, वतन, टेलिफोन नम्वर, इमेल, टोल, बावु आमाको नाम थर समेतका विवरणहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

६४. **<u>म्याद थामिन सक्ने:</u>** (१) अदालतबाट जारी भएको समाह्वानमा तोकिएको म्यादभित्र सम्बन्धित व्यक्ति उपस्थित हुन नसकेमा काबु वाहिरको परिस्थिति कायम रहेको कारण देखाई सम्बन्धित व्यक्तिको निवेदन परेमा ऐनको दफा ५९ को उपदफा (५) बमोजिम त्यस्तो म्याद थामिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा काबुबाहिरको परिस्थिति कायम रहेको बेहोरा पुष्टि हुने आवश्यक प्रमाण कागज संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परेको निवेदन र उपदफा (२) बमोजिम पेस भएका कागजातबाट बेहोरा मनासिव देखिएमा अदालतले सम्बन्धित व्यक्तिको गुज्रेको म्याद थामिदिने आदेश गर्नु पर्नेछ।

(४) समाह्वानमा तोकिएको म्यादभित्र अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित नभएमा तथा म्याद थामी पाउन निवेदन नदिएमा अदालतले मुद्दाको कारबाही अगाडि बढाउनु पर्नेछ।

६५. **<u>तारिखमा राख्नु पर्ने</u>:** देहायको अवस्थामा बाहेक शुरू तहको मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित रहेका वादी र प्रतिवादी वा निजको वारेसलाई तारिखमा राख्नु पर्नेछः-

(क) ऐनको दफा ६७ र ७१ बमोजिम अभियुक्तलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने आदेश भएको अवस्थामा,

(ख) ऐनको दफा ८८ बमोजिम अदालतको आदेशले तारिख टुटाइ दिएको अवस्थामा।

६६. **<u>तारिख तोक्ने प्रक्रिया</u>:** (१) मुद्दामा तारिख तोक्दा मुद्दाको कार्यतालिका बमोजिम प्रत्येक तारिखका दिन सम्पादन हुने काम खुलाई तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तारिख तोक्नु अगाडि सम्बन्धित कर्मचारीले मुद्दाको कारबाही देहायका मध्ये कुन चरणमा रहेको छ सोसमेत विचार गरी पूर्वाआदेशानुसारको काम सम्पन्न भएको छ छैन र अर्को तारिख के कुन कार्यको लागि तोकिने हो भन्ने कुरा यकिन गर्नु पर्नेछ।

(क) प्रारम्भिक सुनुवाइको चरण,

(ख) वादी प्रतिवादीवीच पूर्वसुनुवाइ छलफलको चरण,

(ग) साक्षी प्रमाण बुझ्ने चरण,

(घ) अन्तिम सुनुवाइको चरण,

(ङ) कसूर ठहर भएपछि सजाय निर्धारणको चरण।

(३) तारिख तोक्दा मिसिलमा खडा भएको तारिख भरपाईमा पक्षहरूको सहिछाप गराउनु पर्नेछ र कुन प्रयोजनको लागि तारिख तोकिएको हो सोको बेहोरा जनाई कर्मचारीले तारिख कितावमा सहिछाप गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तारिखको प्रयोजन खुलाउँदा तारिख लिने व्यक्तिले तारिखको दिन अदालतमा उपस्थित हुँदा आदेश बमोजिम कुनै शुल्क बुझाउनु पर्ने हो वा कुनै कागज प्रमाण पेस गर्नुपर्ने हो वा अन्य के कुन काम गर्नु पर्ने हो सो सम्बन्धमा तारिख तोक्ने कर्मचारीले निजलाई मौखिक रूपमा सम्झाई बुझाई समेत गर्नु पर्नेछ।

(५) तोकिएको तारिखको दिन निर्धारित काम सम्पन्न भएको भए सोही कुरा जनाई र हुन नसकेको भए सोको कारण खुलाई तारिखमा रहेको व्यक्तिलाई अर्को तारिख तोक्नु पर्नेछ।

(६) मुद्दाको पक्ष आफैं उपस्थित हुनुपर्ने प्रकृतिका मुद्दामा यस दफाबमोजिम वारेस वा कानून व्यवसायीलाई मुद्दाको पक्षको तर्फबाट तारिखमा राख्न सकिने छैन।

(७) यस दफाको प्रयोजनको लागि ऐनको दफा ८२ बमोजिमको तारिख किताव अदालतको प्रत्येक फाँटमा छुट्टाछुट्टै तयार गरी राख्नु पर्नेछ।

(८) मुद्दाको पक्षलाई उपलब्ध गराईएको तारिख पर्चा र मिसिलमा रहेको तारिख भरपाईमा तारिखको मिति, खुलाइएको कारण र सम्पादन हुने कामको विवरण फरक नहुने गरी तारिख तोक्नु पर्नेछ।

(९) यस दफा बमोजिम तारिखमा रहेको कुनै व्यक्ति उपस्थित नभई तारिख गुजारेमा सो कुरा तत्काल प्रमाणित गरी अर्को पक्षलाई तारिख दिनु पर्नेछ।

६७. **<u>तारिख थामिने:</u>** (१) अदालतले ऐनको दफा ८५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम बाटाको म्यादबाहेक एकैपटक वा पटक पटक गरी दुई पटकसम्म बढीमा पन्ध्र दिनसम्मको गुज्रिएको तारिख थामिदिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको तारिखका दिन उपस्थित हुन नसकेको व्यक्तिले त्यसको कारण खुलाई थामिनु पर्ने अवधिसमेत उल्लेख गरी रीतपूर्वकको निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा निवेदकले खुलाएको कारण उचित छ छैन, यसअघि निजको तारिख थमाउने गरी आदेश भएको छ छैन, थामिएको भए कतिपटक र कति दिन थामिएको हो भन्ने कुरासमेत मिसिलबाट यकिन गर्न लगाई तारिख थामिन सक्ने अवस्था विद्यमान देखिएमा गुज्रेको तारिख थामिदिने गरी स्रेस्तेदार वा रजिस्ट्रारले आदेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तारिख थामिदिने आदेश भएमा फाँटवालाले सो कुरा जनाई अर्को पक्षलाई तोकिएको तारिखको दिन मिलान हुने गरी त्यस्तो व्यक्तिलाई तारिख तोक्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ८६ को उपदफा (२) बमोजिम तारिख थामी पाउन निवेदन परेमा ऐनको दफा ५९ को उपदफा (५) बमोजिम काबुबाहिरको परिस्थिति कायम रहेको अवधि र व्यवस्थाबमोजिम तारिख थाम्नु पर्नेछ।

## परिच्छेद-१२

## सम्पत्ति रोक्का वा फुकुवा सम्बन्धी

६८. **सम्पत्ति रोक्का गर्ने**: (१) ऐनको दफा ५७ बमोजिम पक्राउ पुर्जी जारी भएको व्यक्तिको नाममा पक्राउ पुर्जी रीतपूर्वक तामेल भएपछि निज अदालतमा हाजिर नभएसम्म अदालतले त्यस्तो व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न आदेश गर्न सक्नेछ।

(२) पक्राउ हुन नसकेको वा फरार रही अदालतमा उपस्थित नभएको व्यक्तिको नाममा रहेको अचल सम्पत्ति ऐनको दफा ६५ बमोजिम निजको नाममा पक्राउ पुर्जी जारी भएको तीस दिन पूरा भएको भोलिपल्ट देखि लागू हुने गरी रोक्का रहेको जानकारी अदालतले सम्बन्धित अधिकारी वा निकायलाई गराउनु पर्नेछ।

(३) अभियोगपत्र वा उजुरीमा कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराउने दाबी लिएकोमा त्यस्तो दाबी पुग्ने अवस्था देखिएमा क्षतिपूर्ति भराउन आवश्यक पर्ने हदसम्मको प्रतिवादीको हक पुग्ने सम्पत्ति अदालतले नियमावलीको नियम ११ को उपनियम (५) वा (६) बमोजिम रोक्का राख्न सक्नेछ।

(४) अदालतको फैसलाबमोजिम लागेको दण्ड र जरिवाना बेरूजु रहेको व्यक्तिका नाममा ऐनको दफा १५१ को उपदफा (४) बमोजिम पक्राउ पुर्जी जारी गरिएको व्यक्तिको सम्पत्ति पहिले नै रोक्का नरहेको भए निजको अंश हकको सम्पत्ति ऐनको दफा १५६ को उपदफा (२) बमोजिम अदालतले रोक्का राख्न आदेश दिन सक्नेछ।

(५) कुनै कसूरदारबाट जरिवाना, सरकारी बिगो वा अन्य रकम भराउने फैसला भएकोमा ऐनको दफा १६३ को उपदफा (२) बमोजिम अदालतले त्यस्तो कसूरदारको सम्पत्ति रोक्का राख्न सक्नेछ।

(६) फैसला बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने ठहरेको निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम नबुझाएमा रकम भर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति अदालतले ऐनको दफा १६५ को उपदफा (४) बमोजिम रोक्का राख्न सक्नेछ।

(७) फैसलाले लागेको जरिवाना वा क्षतिपूर्ति तिर्न बाँकी रहेको व्यक्तिले जरिवाना तत्काल बुझाउन नसकी त्यसबापतमा कुनै सम्पत्ति जमानत दिएको भए त्यस्तो सम्पत्ति अदालतले रोक्का गर्नेछ।

(८) ऐनको परिच्छेद ७ बमोजिम अभियुक्तसँग धरौट वा जमानत लिई मुद्दा पुर्पक्ष गर्ने आदेश भई त्यस्तो आदेशबमोजिम जेथा जमानतबापत सम्पत्ति लिइएको भए अदालतले त्यस्तो सम्पत्ति रोक्का गर्नु पर्नेछ।

(९) फैसलाबमोजिम कैद वा जरिवानाबापत जेथा जमानत दिई पुनरावेदन गर्न पाउने गरी कसूरदारले अदालतबाट अनुमति प्राप्त गरेको र त्यस्तो कसूरदारले सोको प्रयोजनको लागि जेथा जमानत दिएको भए अदालतले त्यसरी दिएको जेथाबापतको सम्पत्ति रोक्का गर्नु पर्नेछ।

(१०) उपदफा (८) र (९) बमोजिम सम्पत्ति रोक्का राख्दा धरौट तथा जमानतसम्बन्धी निर्देशिका, २०७५ बमोजिमको कार्यविधि पालना गर्नु पर्नेछ।

(११) उपदफा (१), (२) र (३) बमोजिम सम्पत्ति रोक्का राख्ने आदेश इजलासबाट, उपदफा (४), (५), (६) र (७) बमोजिमको आदेश फैसला कार्यान्वयन गर्ने अधिकारी (तहसिलदार) बाट र उपदफा (८) र (९) बमोजिमको आदेश रजिस्ट्रार वा स्रेस्तेदारबाट गर्नु पर्नेछ।

(१२) यस दफाबमोजिम रोक्का राख्न खोजिएको सम्पत्ति अन्य कुनै कारण वा प्रयोजनबाट अगावै रोक्का भएको देखिएमा पूर्व रोक्काको प्रयोजन समाप्त भई फुकुवा हुने भएमा रोक्का रहने गरी अदालतले आदेश गर्नु पर्नेछ ।

६९. **<u>सम्पत्ति रोक्का राख्न निवेदन दिनु पर्ने</u>:** (१) दफा ६८ को प्रयोजनको लागि सम्पत्ति रोक्का राख्न नेपाल सरकार वादी भई चल्ने मुद्दाको हकमा सम्बन्धित सरकारी वकिल कार्यालय तथा पीडितले मुद्दाको, अन्य मुद्दाको हकमा सम्बन्धित पक्षले र फैसलाले भराई पाउने निजी बिगो, क्षतिपूर्ति वा अन्य रकमको हकमा सम्बन्धित व्यक्तिले अदालतसमक्ष निवेदन दिनु पर्नेछ।

तर,

(१) रोक्का राख्नु पर्ने सम्पत्तिको विवरणसहित सम्पत्ति रोक्का गरिपाउन अभियोग पत्रमा माग भएको रहेछ भने यस दफाबमोजिम निवेदन दिन आवश्यक पर्ने छैन।

(२) अदालतको फैसलाले लागेको दण्ड र जरिवाना बाँकी रहेको व्यक्तिको नाममा रहेको सम्पत्तिको हकमा ऐनको दफा १५६ को उपदफा (१) बमोजिम सम्बन्धित प्रहरी कार्यालयले प्रतिवेदन पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायको कुरा खुलाउनु पर्नेछः-

(क) घरजग्गा भए सो रहेको जिल्ला, नगरपालिका, गाउँपालिका, वडा नं., कित्ता नं. र क्षेत्रफल,

(ख) घरजग्गा धनीको नाम थर र ठेगाना,

(ग) अभियुक्त/प्रतिवादीको अंश हक लाग्ने हिस्सा वा भाग,

(घ) सम्भव भएसम्म अंशियारहरूको नाम थर र ठेगाना,

(ङ) सवारी साधन भए सो सवारी साधन के कस्तो प्रकृतिको हो र सोको दर्ता नं. समेतका विवरण,

(च) अभियुक्त/प्रतिवादीको स्वामित्वमा कम्पनी वा शेयर रहेको भए त्यस्तो कम्पनीको नाम, ठेगाना, दर्ता नं. र शेयर संख्या।

(छ) अभियुक्त/प्रतिवादीको एकल स्वामित्वमा रहेको उद्योग, व्यापार, व्यवसाय वा फर्म भए सोको नाम, ठेगाना र दर्ता नं. इत्यादि।

(ज) धितोपत्र भए उक्त धितोपत्रको प्रकृति, कम्पनीको नाम र धितोपत्रको संख्या,

(झ) पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्तिबाट प्राप्त गर्ने रोयल्टी, लाभ वा सुविधा भए त्यसको विस्तृत विवरण,

(ञ) बैंक खाता भए उक्त बैंकको नाम, बैंकको शाखा र ठेगाना तथा सम्भव भए बैंक खाता नं. समेत।

(ट) कसैलाई कुनै ऋण दिएको वा लगानी गरेको भए त्यस्तो ऋण वा लगानीको साँवा, ब्याज वा अन्य कुनै प्रतिफल भए सोको विस्तृत विवरण,

(ठ) अन्य जुनसुकै प्रकृतिको चल अचल सम्पत्तिको विवरण वा सूची।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ५८ को उपदफा (१५) र दफा ६५ को उपदफा (१) को प्रयोजनका लागि रोक्का राख्नु पर्ने सम्पत्तिको विवरण जुनसुकै माध्यमबाट अदालतलाई जानकारी हुन आएमा अदालत स्वयंले त्यस्तो सम्पत्ति रोक्का राख्न सक्नेछ।

७०. **<u>सम्पत्ति रोक्का, कब्जा वा नियन्त्रणमा राख्ने कार्यविधि:</u>** (१) अदालतले ऐन, नियमावली र यस निर्देशिका बमोजिम सम्पत्ति रोक्का राख्दा, कब्जा वा नियन्त्रणमा लिँदा देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ:-

(क) दर्ता वा छुट्टै अनुमति प्राप्त भएको सम्पत्ति भए दर्ता नामसारी गर्ने वा लाइसेन्स दिने वा नवीकरण गर्ने कार्यालयलाई रोक्काको जनाउ दिने,

(ख) नगद सम्पत्ति भए त्यस्तो नगद राख्ने संस्थालाई रोक्काको जनाउ दिने,

(ग) बाली वा बहाल आउने सम्पत्ति भए सम्बन्धित स्थानीय तहलाई त्यस्तो बाली वा बहाल असूल गरी धरौटी खातामा जम्मा गर्न आदेश दिने,

(घ) चाँडै नासिने वा बिग्रने सम्पत्ति वा चौपाया भए त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने,

(ङ) कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्दा निजले अरू कसैलाई कुनै ऋण दिएको वा लगानी गरेको भए त्यस्तो ऋण वा लगानीको साँवा, व्याज वा अन्य कुनै प्रतिफल समेत निजले असूल उपर गर्न नपाउने गरी ऋणीलाई अदालतले आदेश दिने,

(च) ऐनको दफा ५८ को उपदफा (१५) बमोजिम सम्पत्ति रोक्का राख्ने आदेश भएकोमा त्यसको जानकारी सम्बन्धित मालपोत कार्यालयलाई दिई सोको सूचना अदालतको सूचना पाटीमा टाँस्ने।

(२) अदालतले कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्न लेखी पठाएमा मालपोत कार्यालय वा सम्बन्धित निकाय, संस्था वा अधिकारीले त्यस्तो सम्पत्ति रोक्का राखी सोको जानकारी अदालतलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको जानकारी अदालतले सम्बन्धित मिसिल संलग्न गरी राख्नु पर्नेछ।

७१. **रोक्का सम्पत्ति फुकुवा गर्ने:** (१) पक्राउ पुर्जीबमोजिम पक्राउ हुन नसकी वा फरार रही सम्पत्ति रोक्का राखिएको व्यक्ति अदालतमा उपस्थित भएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भएपनि त्यस्तो व्यक्तिको रोक्का राखिएको सम्पत्ति तुरून्त फुकुवा गर्न अदालतले ऐनको दफा ५८ को उपदफा (१९) बमोजिम आदेश गरी सम्बन्धित कार्यालय, अधिकारी, निकाय, संस्थामा लेखी पठाउनु पर्नेछ।

(२) मुद्दा मुलतबी रहेकोमा सो मुद्दा किनारा हुनुभन्दा पहिले नै अभियुक्त अदालतमा उपस्थित भएको वा गराइएको र निजले आफ्नो विरूद्ध मुद्दा चलेको कुरा थाहा नपाएको भनी अदालतलाई विश्वास हुने प्रमाण पेस गरेमा अदालतले ऐनको दफा ९८ को उपदफा (६) बमोजिम निजको नाममा रहेको सम्पत्ति फुकुवा गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सम्पत्ति फुकुवा गर्दा सम्पत्ति बिक्री भै नसकेकोमा त्यस्तो सम्पत्ति रोक्का राख्दा लागेको खर्च र मुद्दाको कारबाही सम्बन्धमा निजका नाममा सार्वजनिक सूचना प्रकाशन गर्दा लागेको खर्च कटाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कटाएको रकम राजश्व खातामा जम्मा गर्नु पर्ने भएमा तत्काल जम्मा गर्नु पर्नेछ।

(५) फैसला कार्यान्वयनको सिलसिलामा रोक्का राख्नु पर्ने भन्दा बढी सम्पत्ति रोक्का भएको भनी सम्बन्धित कसूरदार वा प्रतिवादीले निवेदन दिई बढी रोक्का भएको हदसम्म फुकुवा गर्ने गरी ऐनको दफा १५६ को उपदफा (४) बमोजिम आदेश भएमा त्यस्तो सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ।

(६) कैद वा जरिवाना बेरूजु रहेको वा सो असूल नभएको आधारमा फैसला कार्यान्वयनको सिलसिलामा सम्पत्ति रोक्का भएको भए त्यस्तो कैद वा जरिवाना असूल भएपछि बाँकी सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ।

(७) सरकारी बिगो वा अन्य कुनै रकम असूल नभएको आधारमा फैसला कार्यान्वयनको सिलसिलामा सम्पत्ति रोक्का भएको भए त्यस्तो बिगो वा रकम असूल भएपछि बाँकी सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ।

(८) फैसलाबमोजिम कुनै व्यक्तिले भराई पाउने निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई दिने प्रयोजनका लागि कुनै व्यक्तिको सम्पत्ति रोक्का रहेको भए त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भराई दिने कारबाही सम्पन्न भएपछि बाँकी सम्पत्ति फुकुवा गरिदिनु पर्नेछ।

## परिच्छेद-१३
## विविध

७२. **साक्षीको शपथ गराउनु पर्ने:** (१) मुद्दामा बकपत्र गर्न उपस्थित भएको साक्षीलाई बकपत्र गराउनु अघि सत्य कुरा व्यक्त गर्ने उद्घोषण गराई सबैले सुन्ने गरी न्यायाधीशले ऐनको अनुसूची-३७ बमोजिमको ढाँचामा बकपत्र गराउनु पर्नेछ।

(२) साक्षीको बकपत्र श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत गराउँदा उपदफा (१) बमोजिम गराउनु पर्ने साक्षीको शपथ समेत श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत नै गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गराएको साक्षीको शपथ प्रमाणित गरी सम्बन्धित मिसिल संलग्न गरी राख्नु पर्नेछ।

७३. **अभियुक्तको अधिकारसम्बन्धी सूची:** (१) अभियुक्तको स्वच्छ सुनुवाइसम्बन्धी अधिकारहरूको सूची अनुसूची-८ मा दिइएको छ ।

(२) अदालतले उपदफा (१) बमोजिमको सूची अभियुक्तलाई हिरासतमा राख्न अनुमति मागेको मुद्दामा सो प्रयोजनको लागि अदालतमा उपस्थित गराउँदा र अभियुक्तलाई हिरासतमा नराखी अनुसन्धान भएको मुद्दाको हकमा निजको अदालतमा बयान गराउनु अगावै उपलब्ध गराउनु पर्नेछ।

७४. **पीडितको अधिकारसम्बन्धी सूची:** (१) मुद्दाको कारबाहीको सिलसिलामा पीडितलाई प्राप्त हुने अधिकारहरूको सूची अनुसूची-९ मा दिइएको छ।

(२) अदालतले उपदफा (१) बमोजिमको पीडितको अधिकारको सूची पीडित अदालतमा उपस्थित हुँदा उपलब्ध गराउनु पर्नेछ।

७५. **आवश्यक सहयोग गर्नु पर्ने:** (१) मुद्दाको पक्ष वा काम विशेषले अदालतमा आउने व्यक्तिलाई सम्बन्धित कर्मचारीले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) आफैंले लेख्न नजान्ने मुद्दाको पक्ष वा सरोकारवालालाई अदालतबाट उपलब्ध गराइएको अदालतमा पेस गर्ने लिखतको नमूना (टेम्प्लेट) को विवरण सम्बन्धित फाँटको कर्मचारी वा स्रेस्तेदार वा रजिष्ट्रारले तोकी दिएको कर्मचारीले भर्न सहयोग गर्नु पर्नेछ।

७६. **तुलनात्मक सूची:** (१) अदालती कारबाहीको सिलसिलामा बारम्बार प्रयोगमा आउने कानूनी व्यवस्थाको तुलनात्मक सूची ऐन कार्यान्वयनको सहजताको लागि अनुसूची-१० मा दिइएको छ।

(२) उपदफा (१) बमोजिमको सूची अदालतमा कार्यरत जनशक्ति तथा कानून व्यवसायीलाई वितरण गर्न सकिनेछ ।

अनुसूची-१

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## **फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची**

१. अपराध संहिताको देहायका परिच्छेद वा देहायका परिच्छेदका देहाय दफाअन्तर्गतका कसूरः

(क) भाग २ को:

(१) परिच्छेद –१ - **राज्य विरूद्धका कसूर**

- दफा ४९ - नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल
- दफा ४९ - संघीय इकाइहरूबीच तथा विभिन्न जात जाति वा सम्प्रदायहरूबीचको सुसम्बन्धमा खलल
- दफा ५० - राजद्रोह
- दफा ५० - नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना
- दफा ५१ - राष्ट्रहित प्रतिकूल कार्य
- दफा ५१ - मिलोमतोमा खेल खेल्ने वा खेलाउने
- दफा ५२ - जाति हत्या (जेनोसाइड)
- दफा ५३ - नेपाल विरूद्ध युद्ध गर्न वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहायता गरेको
- दफा ५४ - मित्रराष्ट्र विरूद्धको युद्ध वा विद्रोह
- दफा ५५ - सैनिक वा प्रहरीलाई भड्काएको
- दफा ५६ - जासुसी गरेको
- दफा ५७ - राष्ट्रपतिउपरको आक्रमण
- दफा ५८ - राष्ट्रपति वा संसदलाई धम्की दिएको।

(२) परिच्छेद –२ - **सार्वजनिक शान्ति विरूद्धका कसूर**

- दफा ६० - गैरकानूनी भेला
- दफा ६१ - गैरकानूनी भेला रोक्ने वा भङ्ग गर्ने आदेश उल्लङ्घन
- दफा ६३ - हुलदंगा गरेको
- दफा ६४ - हुलदंगाको दुरूत्साहन
- दफा ६५ - सार्वजनिक शान्ति खलल पारेको
- दफा ६६ - गैरकानूनी भेला रोक्ने, भङ्ग गर्ने वा हुलदंगा रोक्ने कार्यमा राष्ट्रसेवकलाई
- वाधा विरोध गरेको
- दफा ६७ - सार्वजनिक स्थानमा आवागमनमा वाधा गरेको
- दफा ६८ - सार्वजनिक सेवा अवरूद्ध पारेको

- दफा ६९ - कर्फ्यु उल्लङघन गरेको
- दफा ७० - झुठ्ठा अफवाह फैलाएको
- दफा ७१ - शान्ति भङ्ग गर्न घर जग्गा वा सवारी साधन, हातहतियार उपलब्ध गराएको
- दफा ७२ - संवेदनशील सार्वजनिक क्षेत्रमा जुलुस वा सभा गरेको
- दफा ७३ - आवश्यक वस्तु तोडफोड वा हानिनोक्सानी गरेको।

(३) परिच्छेद –४ - **सार्वजनिक न्याय विरूद्धका कसूर**

- दफा ९२ - न्यायिक वा अन्य कानूनी कारबाहीमा पेस हुने लिखत वा विद्युतिय अभिलेख नष्ट गरेको
- दफा ९३ - कसूरदारलाई बचाउने नियतले प्रमाण दवाएको
- दफा ९४ - कसूरसम्बन्धी सूचना दिन अवरोध पुऱ्याएको
- दफा १०२- पक्रापुर्जी जारी भएको व्यक्तिलाई पक्राउ हुनबाट उम्काएको वा थुनामा रहेको व्यक्तिलाई भगाएको।

(४) परिच्छेद –५ - **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसूर**

- दफा १०४ - संक्रामक रोग फैलाएको
- दफा १०५ - एच.आइ.भी रोग फैलाएको
- दफा १०६ - सरूवा रोगसम्बन्धी नियम, निर्देशन वा आदेश उल्लङ्घन
- दफा ११० - उपभोग्य वस्तु बिक्री नगरी जम्माखोरी गरेको
- दफा ११४ - विषालु पदार्थ, आगोजन्य पदार्थ, प्रज्वलनशील पदार्थ, विष्फोटक पदार्थ वा जोखिमी हतियार वा यन्त्र प्रयोग गर्दा लापरवाही गरेको
- दफा ११८ - सार्वजनिक स्थान वा प्रवेश गर्ने कानूनी अधिकार नभएको स्थानमा प्रवेश गरी अभद्र व्यवहार गरेको
- दफा ११९ - वेश्यागमनको प्रचार प्रसार गरेको
- दफा १२० - वेश्यावृत्ती वा वेश्यागमनको लागि घर जग्गा, सवारी साधन, उपलब्ध गराएको
- दफा १२१ - सार्वजनिक रूपमा अश्लिल किताब, पर्चा इत्यादी बनाएको वा बिक्री गरेको
- दफा १२२ - सार्वजनिक स्थानमा अश्लिल क्रियाकलाप वा व्यवहार गरेको, यौनाङ्ग देखाएको वा अश्लिल शब्द बोलेको वा इशारा गरेको
- दफा १२३ - सार्वजनिक स्थानमा यौन क्रिया वा अप्राकृतिक मैथुन गरेको
- दफा १२४ - छरछिमेक वा सर्वसाधारणलाई हानि नोक्सानी, क्षति वा खतरा पुऱ्याएको वा झिझ्याहट गरेको
- दफा १२५ - जुवा खेल्ने खेलाएको वा सट्टाबाजी गरे गराएको
- दफा १२६ - भिक्षा मागेको, माग्न लगाएको वा सोको दुरूत्साहन गरेको।

(५) परिच्छेद – ६ - **हातहतियार तथा खरखजानासम्बन्धी कसूर**

- दफा १२९ - विना इजाजत हातहतियार उत्पादनगरेको
- दफा १३० - विना इजजात हातहतियारको कारोवार गरेको
- दफा १३१ - खास किसिमका हातहतियार प्राप्त गरेको
- दफा १३२ - विना इजाजत तथा इजाजतपत्रको शर्त विपरित हातहतियार राखेको वा लिएर हिंडेको
- दफा १३३ - हातहतियार खरखजानाको कारोवारको अभिलेख नराखेको
- दफा १३४ - आणविक, रासायनिक, जैविक वा विषालु हातहतियारको उतपादन गरेको वा कारोवार गरेको।

(६) परिच्छेद –७ - **<u>विष्फोटक पदार्थसम्बन्धी कसूर</u>**

- दफा १३८ - विनाइजाजत वा इजाजतपत्रको शर्त विपरीत विष्फोटक पदार्थ उत्पादन गरेको
- दफा १३९ - विनाइजाजात विष्फोटक पदार्थको कारोवार गरेको
- दफा १४० - कृत्रिम विष्फोटक पदार्थ बनाएको वा प्रयोग गरेको
- दफा १४१ - बारूदी सुरूङ वनाएको वा विष्फोटक पदार्थ ओच्छ्याएको
- दफा १४२ - विष्फोटक पदार्थको उत्पादन वा कारोवारको अभिलेख नराखेको
- दफा १४३ - विष्फोटक पदार्थको ओसार पसार, ढुवानी वा भण्डारण गर्दा होसियारी नअपनाएको।

(७) परिच्छेद –८ - **<u>राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्धको कसूर</u>**

- दफा १५१ - राष्ट्रिय गान, झण्डा वा निशान छापको अपमान गरेको वा क्षति पुऱ्याएको
- दफा १५२ - राष्ट्रिय विभूतिको अपमान गरेको।

(८) परिच्छेद –९ - **<u>धर्मसम्बन्धी कसूर</u>**

- दफा १५५ - धार्मिक स्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याएको
- दफा १५६ - धार्मिक भावनामा आघात पुऱ्याएको
- दफा १५७ - धार्मिक रीतिस्थितिमा वाधा पुऱ्याएको
- दफा १५८ - धर्म परिवर्तन, सोको उद्योग वा दुरूत्साहन।

(९) परिच्छेद –१० - **<u>भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसूर</u>**

- दफा १६० - भेदभावपूर्ण व्यवहार गरेको
- दफा १६१ - भेदभाव गरी वस्तु वा सेवाको खरिद बिक्री वितरण गरेको
- दफा १६२ - जवरजस्ती काममा लगाएको
- दफा १६३ - दास बनाएको
- दफा १६४ - कमैया वा बन्धक वा बाँधा बनाएको
- दफा १६५ - सामाजिक रीतिस्थितिमा खलल पारेको
- दफा १६६ - जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरेको

- दफा १६७ - यातना दिएको
- दफा १६८ - अपमानजनक वा अमानवीय व्यवहार गरेको।

(१०) परिच्छेद –११ - **विवाहसम्बन्धी कसूर**

- दफा १७१ - मन्जुरी विना विवाह गरे, गराएको
- दफा १७२ - हाडनातामा विवाह गरे गराएको
- दफा १७३ - बालविवाह गरे गराएको
- दफा १७४ - विवाहमा लेनदेन गरे गराएको
- दफा १७५ - बहुविवाह गरेको।

(११) परिच्छेद –१२ - **ज्यानसम्बन्धी कसूर**

- दफा १७७ - मनसायपूर्वक हत्या गरेको
- दफा १७८ - जानी जानी कुनै काम गरी ज्यान मारेको
- दफा १७९ - गम्भीर उत्तेजना वा रिसको आवेगमा आई ज्यान मारेको
- दफा १८० - मार्न चाहेको व्यक्ति नमरी अर्को व्यक्ति मरेको
- दफा १८१ - लापरवाहीपूर्व काम गरी ज्यान मारेको
- दफा १८२ - हेलचक्राई गरी ज्यान मारेको
- दफा १८३ - ज्यान मार्ने उद्योग
- दफा १८४ - आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाले वा परित्याग गरेको
- दफा १८५ - आत्महत्या गर्न दुरूत्साहन दिएको।

(१२) परिच्छेद –१३ - **गर्भ संरक्षण विरूद्धको कसूर**

- दफा १८८ - गर्भपतन गरे गराएको

(१३) परिच्छेद –१४ -**कुटपीट वा अङ्गभङ्गसम्बन्धी कसूर**

- दफा १९२ - अङ्गभङ्ग

(१४) परिच्छेद –१५- **गैरकानूनी थुनासम्बन्धी कसूर**

- दफा २०० - बदनियतपूर्वक थुनामा राखेको वा राख्न लगाएको
- दफा २०१ - न्यूनतम मानवोचित सुविधा नदिई थुनामा राखेको
- दफा २०२ - छाड्ने आदेश भएकोमा थुनी राखेको
- दफा २०३ - गोप्य तरिकाले थुनामा राखेको।

(१५) परिच्छेद –१६ - **व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसूर**

- दफा २०६ - व्यक्ति बेपत्ता पार्ने कार्य गरे गराएको।

(१६) परिच्छेद - १७ - **अपहरण वा शरीर बन्धकसम्बन्धी कसूर**

- दफा २११ - अपहरण गरे गराएको
- दफा २१२ - शरीरबन्धक लिएको
- दफा २१३ - अपहरण वा शरीरबन्धकको दुरूत्साहन दिएको वा आदेश दिएको वा

उद्योग वा षडयन्त्र गरेको वा मतियार भएको।

(१७) परिच्छेद –१८ - **<u>करणीसम्बन्धी कसूर</u>**

- दफा २१९ - जबरजस्ती करणी गरेको
- दफा २२१ - थुनामा रहेको व्यक्तिसँग करणी गरेको
- दफा २२२ - आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गरेको
- दफा २२३ - कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गरेको
- दफा २२५ - बालयौन दुरूपयोग गरेको
- दफा २२६ - बालबालिका विरूद्ध अप्राकृतिक मैथुन गरे गराएको।

(१८) परिच्छेद –१९ - **<u>इलाजसम्बन्धी कसूर</u>**

- दफा २३० - विना इजाजत इलाज गरेको
- दफा २३१ - बदनियतपूर्वक इलाज गरेको
- दफा २३२ - लापरवाही वा हेलचक्राइँ गरी इलाज गरेको
- दफा २३३ - मन्जुरी विना मानव शरीरमा परीक्षण गरेको
- दफा २३४ - इजाजत प्राप्त व्यक्तिको सिफारिसबिना जोखिमपूर्व औषधि बिक्री वितरण
- दफा २३५ - औषधिमा मिसावट गरेको वा मिसावट गरेको औषधि बिक्री गरेको
- दफा २३६ - म्याद नाघेको औषधि बिक्री गरेको वा पूर्व सावधानी नलिई औषधि बिक्री गरेको
- दफा २३७ - एक औषधिलाई अर्को औषधि भनी बिक्री वितरण गरेको
- दफा २३८ - झुठ्ठा परीक्षण प्रतिवेदन दिएको।

(१९) परिच्छेद –२० - **<u>चोरी तथा डाँकासम्बन्धी कसूर</u>**

- दफा २४१ - चोरी गरेको
- दफा २४३ - नकवजनी चोरी गरेको
- दफा २४४ - डाँका गरेको
- दफा २४५ - चोरीमा प्रयोग हुने औजार लिइ हिँडेको
- दफा २४६ - बगली मारेको।

(२०) परिच्छेद –२१ - **<u>ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाम (एक्टर्सन) सम्बन्धी कसूर</u>**

- दफा २४९(३)(क) - ठगी गरेको (नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको संस्थालाई)
- दफा २४९(३)(ख) - ठगी गरेको (आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी)
- दफा २५० - ठेक्का वा करारको काममा फरक पारेको
- दफा २५१ - सम्पत्तिको आपराधिक उपयोग गरेको
- दफा २५२ - आपराधिक विश्वासघात गरेको

- दफा २५३ - आपराधिक लाभ (एक्सटर्सन) लिएको

(२१) (क) परिच्छेद –२२ - **<u>मुद्रासम्बन्धी कसूर</u>**

- दफा २५६ - खोटा मुद्रा बनाएको
- दफा २५७ - खोटा मुद्रा चलन गरेको
- दफा २५८ - खोटा मुद्रा वनाउने सामान बनाएको, राखेको वा मर्मत गरेको
- दफा २५९ - मापदण्ड विपरीत मुद्रा वनाएको
- दफा २६० - मुद्रा बनाउने औजार वाहिर लगेको।
- दफा २६१ - मुद्राको तौल घटाएको वा रूप बदलेको
- दफा २६२ - रोक लगाएको मुद्रा चलन चल्तीमा ल्याएको
- दफा २६३ - बैंक नोट वा सिक्का जलाएको, गालेको, च्यातेको वा लेखेको
- दफा २६४ - झुत्रो बैंक नोट दुरूपयोग गरेको।

(ख) परिच्छेद –२३ - **<u>टिकटसम्बन्धी कसूर</u>**

- दफा २६७ - खोटा टिकट वनाएको वा चलन गरेको
- दफा २६८ - खोटा टिकट वनाउने औजार खरिद बिक्री मर्मत इत्यादी गरेको
- दफा २६९ - प्रयोग भएको टिकट पुनः प्रयोगमा ल्याएको
- दफा २७० - सार्वजनिक लिखतमा प्रयोग भएको टिकट उप्काएको।

(२२) परिच्छेद –२५ - **<u>लिखतसम्बन्धी कसूर</u>**

- दफा २७६(३)(क) - किर्ते गरेको –(राष्ट्रपतिबाट प्रमाणीकरण भएको लिखत)
- दफा २७६(३)(ख) - किर्ते गरेको –अदालतको फैसला वा आदेश
- दफा २७६(३)(ग) - अन्य सरकारी वा सार्वजनिक लिखत किर्ते गरेको
- दफा २७८ - किर्ते लिखत बनाउने औजार वनाएको

(२३) परिच्छेद –२६ - **<u>आपराधिक प्रवेश तथा आपराधिक उपद्रवसम्बन्धी कसूर</u>**

- दफा २८५ - आपराधिक उपद्रव गरे गराएको (निजी सम्पत्तिबाहेक)
- दफा २८७ - कसूर गरी प्राप्त गरेको सम्पत्ति लिएको

(२४) परिच्छेद –२७ - **<u>पशुपक्षीसम्बन्धी कसूर</u>**

- दफा २८९ - गाइ गोरू मारेको वा कुटेको
- दफा २९० - पशुपक्षी प्रति निर्दयी व्यवहार गरेको
- दफा २९१ - सार्वजनिक स्थलमा पशुपक्षी मारेको।

२. प्रकरण १ अन्तर्गतको कसूरको उद्योग, दुरूत्साहन, षडयन्त्रको कसूर,

३ मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी कसूर,

४ हुलाक ऐन, २०१९ अन्तर्गतको कसूर,

५ नागरिकतासम्बन्धी कसूर,

६. प्राचीन स्मारकसम्बन्धी कसूर,

७. लागू औषधसम्बन्धी कसूर,
८ आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गतको कसूर,
९. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गतको कसूर,
१२. लिखतहरूको गोप्यतासम्बन्धी २०३९ अन्तर्गतको कसूर,
१३. राहदानीसम्बन्धी कसूर,
१४. आवश्यक वस्तु संरक्षणसम्बन्धी कसूर,
१५. कारागार ऐन, २०१९ अन्तर्गतका कसूर,
१६. चन्दा ऐन, २०२५ अन्तर्गतको कसूर,
१७. चिठ्ठा ऐन, २०२५ अन्तर्गतको कसूर,
१८. सवारी साधनले किची, ठक्कर वा धक्का दिई वा दुर्घटना गराई कसैको ज्यान मरेको वा अङ्गभङ्ग वा घाइते भएको कसूर,
१९. गैरसैनिक हवाई उडान ऐन, २०१५ दफा ९क अन्तर्गतको कसूर,
२०. छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १५ अन्तर्गतको कसूर,
२१. यस अनुसूचीमा समावेश भएका कसूरको कारणबाट उठेको कीर्ते वा जालसाजीसम्बन्धी कसूर,
२२. प्रचलित कानूनबमोजिम यस अनुसूचीमा समावेश हुने भनी तोकिएको कुनै कसूर,
२३. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अनुसूचीमा समावेश गरेको कसूर।

अनुसूची-२

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## **फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची २ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची**

१. अपराध संहिताकोः

(क) भाग –२ को परिच्छेद –५ - **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसूर**

- दफा १०७ -खाद्य पदार्थमा मिसावट गरेको
- दफा १०८ - झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गरेको
- दफा १०९ - झुक्यानमा पारी वस्तु बिक्री वितरण गरेको,
- दफा १११ –पानी दुषित पारेको
- दफा ११२ - वातावरण प्रदुषित गरेको
- दफा ११३ - सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुऱ्याएको।

२. अनुसूची –१ मा उल्लेख भए बाहेक नेपाल सरकार वादी भै चलाइने फौजदारी मुद्दा वा नेपाल सरकारको निहित हक, हित वा सरोकार रहेको फौजदारी प्रकृतिको कसूर,

३. कानूनबमोजिम यस अनुसूचीमा समावेश भएको कसूर,

४. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अनुसूची अन्तर्गत कारबाही र किनारा हुने भनी तोकेको कसूर,

५. प्रकरण १, २, ३ र ४ अन्तर्गतको कसूरको षडयन्त्र, उद्योग, दुरूत्साहन तथा सोसँग सम्बन्धित परिच्छेद –११ अन्तर्गतका कसूर ।

अनुसूची-३

(दफा १६ को उपदफा (४) सँग सम्बन्धित)

## **फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची ३ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची**

१. अपराध संहिताको भाग २ को परिच्छेद –३ - **सार्वजनिक अधिकारीको अवज्ञासम्बन्धी कसूर**

- दफा ७५ – समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा बाधा पुऱ्याएको
- दफा ७६ – समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काएको
- दफा ७७ – समाह्वान, इतलायनामा सूचना वा आदेश तामेली हुन नदिई छली हिंडेको
- दफा ७८ – समाह्वान, इतलायनामा इत्यादि च्यातेको वा उप्काएको
- दफा ७९ – झुठो तरिकाले म्याद तामेल गरेको
- दफा ८० – लिखत पेस गर्न इन्कार गरेको
- दफा ८१ – शपथ लिएको व्यक्तिले झुठा कुरा व्यक्त गरेको
- दफा ८२ – शपथ गर्न इन्कार गरेको
- दफा ८३ – जवाफ दिन इन्कार गरेको
- दफा ८४ – झुठा जानकारी दिएको
- दफा ८५ – राष्ट्र सेवकलाई कर्तव्य पालना गर्न अवरोध पुऱ्याएको
- दफा ८६ – राष्ट्र सेवकलाई मद्दत दिन इन्कार गरेको
- दफा ८७ – आदेशको अवज्ञा गरेको

२. अनुसूची–१ वा अनुसूची–२ मा उल्लेख भएकोमा बाहेक नेपाल सरकार सम्बन्धित रहेको वा संवैधानिक निकाय, अदालत वा सार्वजनिक अधिकारीको हक, हित वा सरोकार निहित रहेको फौजदारी कसूर ।

अनुसूची-४

(दफा १६ को उपदफा (४) सँग सम्बन्धित)

# **फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची ४ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको सूची**

१. अपराध संहिताका देहायका परिच्छेद वा देहायका परिच्छेदका देहायका दफा अन्तर्गतका कसूर:

(क) भाग २ को:

(१) परिच्छेद – १४ **कुटपीट वा अङ्गभङ्गसम्बन्धी कसूर**

- दफा १९१ –कुटपीट गरेको
- दफा १९३ –तेजाव वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरूप पारेको
- दफा १९४ –गम्भीर उत्तेजना वा रिसको आवेसबाट कुटपीट वा अङ्ग भङ्ग गरेको
- दफा १९५ –लापरवाही वा हेलचक्राइ गरी कुटपीट, अङ्गभङ्ग वा अन्य चोट पुऱ्याएको
- दफा १९६ –आपराधिक बल प्रयोग गरेको
- दफा १९७ –कसूर गर्ने नियतले वेहोस पारेको

(२) परिच्छेद –१८ - **करणीसम्बन्धी कसूर**

- दफा २२० हाडनातामा करणी गरेको
- दफा २२४ यौन दुर्व्यवहार गरेको
- दफा २२६ अप्राकृतिक मैथुन गरेको (१८ वर्ष र सोभन्दा बढी उमेरकी महिला भएमा)

(३) परिच्छेद –२१ **ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाम (एक्टर्सन) सम्बन्धी कसूर ठगीसम्बन्धी**

- दफा २४९ -को उपदफा (३) को खण्ड (ग), सर्वसाधारणलाई ठगी गरेको
- दफा २५२ - आपराधिक विश्वासघात गरेको (व्यक्ति वा नेपाल सरकार बाहेक अन्य संस्था वादी भएमा)

(४) परिच्छेद–२५ - **लिखतसम्बन्धी कसूर**

- दफा २७६ - किर्ते गरेको (व्यक्तिगत लिखत)
- दफा २७९ –जालसाजी गरेको
- दफा २८० –जालसाजी लिखतलाई सद्धे सरह व्यवहारमा ल्याएको

(५) परिच्छेद –२६ - **आपराधिक प्रवेश तथा आपराधिक उपद्रवसम्बन्धी कसूर**

- दफा २८४ - आपराधिक प्रवेश गरेको (व्यक्तिगत सम्पत्ति)
- दफा २८६ - लुटपीट गरेको
- दफा २८७ - कसूर गरी प्राप्त गरेको सम्पत्ति लिएको (व्यक्ति वादी भएमा)

(ख) भाग ३ को परिच्छेद १ –**गोपनीयता विरूद्धका कसूर**

- दफा २९३ –अर्काको कुरा सुनेको वा ध्वनि अङ्कन गरेको
- दफा २९४ –गोप्य कुरा प्रकट गरेको
- दफा २९५ –अनुमति विना व्यक्तिको तस्वीर खिचेको वा तस्वीरको स्वरूप विगारेको
- दफा २९६ –अनुमति विना एकको तस्वीर अरूलाई दिएको वा बिक्री गरेको
- दफा २९७ –चिठ्ठी खोलेको वा टेलिफोनमा गरेको कुरा सुनेको
- दफा २९८ –विद्युतीय माध्यमद्वारा गोपनियता भङ्ग गरेको
- दफा २९९ –छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गरेको
- दफा ३०० –हैरान पार्ने नियतले चिठीपत्र लेखेको।
- दफा ३०१ –कानूनबमोजिम वाहेक अरूको शरीर खानतलासी गरेको
- दफा ३०२ –अरूको आवासमा अनधिकृत प्रवेश गरेको

(ख) भाग ३ को परिच्छेद २ –**गाली बेइज्जतीसम्बन्धी कसूर**

- दफा ३०५ –गाली गरेको
- दफा ३०६ –बेइज्जती गरेको

२. अनुसूची १, २ वा ३ मा उल्लेख भएदेखि बाहेकका फौजदारी कसूर,

- अपराध संहिताको दफा ८९ झुठ्ठा प्रमाण वनाएको
- दफा ९० –झुठ्ठा प्रमाण पत्र बनाएको र दिएको
- दफा ९१ –झुठ्ठा प्रमाण वा प्रमाणपत्र प्रयोग गरेको
- दफा ९५ –कसूरदारलाई आश्रय दिएको
- दफा ९६ –कसूर भएको जानकारी नदिएको
- दफा ९७ –सम्पत्ति दबाएको वा सम्पत्तिमा झुठ्ठा दाबी गरेको
- दफा ९८ –झुठ्ठा उजुरी दिएको
- दफा ९९ –बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको
- दफा १०० –जमानतको शर्त विपरीत अनुपस्थित भएको
- दफा १०१ –पक्राउको बाधा विरोध गरेको वा थुनाबाट भागेको
- दफा ११५ –घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गरेको
- दफा ११६ –पशुपंक्षी राख्दा लापरवाही गरेको
- दफा १४७ –सार्वजनिक घर, जग्गा आफ्नो बनाएको
- दफा १४८ –सार्वजनिक सम्पदा आफ्नो बनाएको
- दफा १४९ –प्राकृतिक सम्पदामाथि अतिक्रमण गरेको
- दफा १५० –सार्वजनिक भौतिक संरचनाको अनधिकृत कब्जा वा विनास गरेको
- दफा २२७ –पशु करणी गरेको
- दफा २७३ –नाप्ने वा तौलने साधन नक्कली बनाएको वा चलन गरेको
- दफा २७४ –नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गरेको।

३. प्रचलित कानूनबमोजिम व्यक्तिवादी भै दायर हुनु पर्ने फौजदारी प्रकृतिका कसूर,

४. हाडनाता करणीको कसूर,

५. प्रकरण १, २ र ३ अन्तर्गतका कसूरको उद्योग, षडयन्त्र, दुरूत्साहन तथा सोसँग सम्बन्धित परिच्छेद ११ अन्तर्गतका कसूर ।

६. फौजदारी ऐनको दफा ३२ को उपदफा (७), दफा ३४ को उपदफा (७) र दफा ५२ को उपदफा (६) बमोजिम दायर हुने मुद्दा।

अनुसूची-५

(दफा ३४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>साक्षी वा पीडितले सुरक्षाको लागि दिने निवेदनको ढाँचा</u>**

श्री …………………………….. अदालतमा चढाएको

<u>निवेदनपत्र</u>

विषयः <u>आवश्यक सुरक्षा व्यवस्था गरी पाऊँ ।</u>

१. ………..………को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी …………………………. भई दायर भएको यस अदालतमा विचाराधिन रहेको ………………. मुद्दामा म पीडित /साक्षी रहेकोमा न्यायिक कारबाहीको सिलसिलमा अदालतमा उपस्थित हुनको लागि देहायका व्यक्तिबाट मेरो सुरक्षा खतरा हुन सक्ने भन्ने महशुस गरेको हुनाले आवश्यक सुरक्षा व्यवस्था मिलाई पाउन यो निवेदन गरेको छु ।

| <u>खतरा महशुस गरिएको व्यक्तिको नाम थर वतन</u> | <u>खतरा महशुस हुनुको कारण</u> |
|---|---|
| (क) ………………………………………………… | ……………………………………… |
| (ख) ………………………………………………… | ……………………………………… |
| (ग) ………………………………………………… | ……………………………………… |
| (घ) ………………………………………………… | ……………………………………… |

२. यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झूठ्ठा ठहरे कानूनबमोजिम सहुँला वुझाउँला ।

निवेदक,

जिल्ला……………गाउपालिका / नगरपालिका ……………………

वडा नं…………………….. बस्ने साक्षी / पीडित ……………………..

इति संवत्………साल महिना …………… गते ………………… रोज ……… शुभम्।

अनुसूची-६

(दफा ५२ को उपदफा (१) सँग सम्बन्धित)

**<u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्नको लागि दिने निवेदनको ढाँचा</u>**

श्री ................................. अदालतमा चढाएको

<u>निवेदनपत्र</u>

विषयः **<u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझि पाऊँ</u>**

मुद्दा .........................................

........सालको नम्बर........

........................................................................................ निवेदक /वादी /प्रतिवादी

<u>विरूद्ध</u>

........................................................................................ विपक्षी /प्रतिवादी प्रतिवादी

१. उपर्युक्त विपक्षी सँगको उल्लिखित मुद्दामा मैले देहायबमोजिमको साक्षी प्रमाण पेस गरेको र साक्षी बुझ्नको लागि मिति ........................को तारिख तोकिएकोमा देहायमा उल्लिखित कारणले निज साक्षीलाई बकपत्रको लागि सम्मानित अदालतसमक्ष उपस्थित गराउन असमर्थ भएको हुँदा मेरो उक्त साक्षीको बकपत्र श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत गराउने व्यवस्था मिलाई पाउन यो निवेदन गरेको छु ।

| <u>श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बकपत्र गराउनु पर्ने साक्षीको नाम थर वतन</u> | <u>साक्षीलाई अदालतसमक्ष उपस्थित गराउन नसकेको कारण</u> |
|---|---|
| (क) ........................................................... | ............................................. |
| (ख) ........................................................... | ............................................. |

२. यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झूठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक,

इति संवत्.........साल महिना ............... गते ..................... रोज ......... शुभम्।

अनुसूची-७

(दफा ५९ को उपदफा (२) सँग सम्बन्धित)

## श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझिएको साक्षीले गरेको बकपत्रको टिपोटको ढाँचा

..................................................विरूद्ध ............................ समेत भएको ................................मुद्दामा

मिति ..................... मा मौकामा बुझिएका व्यक्ति / वादी / प्रतिवादीका साक्षी ..........................................ले श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत गरेको बकपत्रको टिपोट

श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) हुँदा सोधिएका प्रश्न र तिनको जवाफहरू

प्रश्नः– तपाईंको र तपाईंको बाबु आमाको नाम के हो ?  जवाफ –..............................

प्रश्नः– तपाईंको उमेर कति ? पेशा के हो ? घर कहाँ छ ?  जवाफ –..............................

प्रश्नः तपाई किन उपस्थित हुनु भएको हो ?  जवाफ –..............................

टिपोट गर्ने कर्मचारी

मितिः

टिपोट प्रमाणित गर्ने न्यायाधीशको सहीछाप

मितिः

---

द्रष्टव्यः मुद्दाका पक्षहरूले जुन क्रमले सोधपुछ, जिरह वा पुनः सोधपुछ गरेको हो सो क्रमले प्रश्नहरू र तिनको जवाफ लेख्नु पर्छ र साथै अदालतले शुरूमा, बीचमा वा अन्त्यमा साक्षीसँग कुनै प्रश्न सोधेको भए सो प्रश्न र त्यसको जवाफ पनि क्रम मिलाई लेख्नु पर्छ ।

अनुसूची-८
(दफा ७३ सँग सम्बन्धित)

**अभियुक्तको अधिकारको सूची**

| **अभियुक्तका अधिकारहरू** |
|---|
| ▪ कुनै पनि व्यक्तिलाई अदालतबाट जारी भएको पक्राउपुर्जीका आधारमा मात्र पक्राउ गरिने, |
| ▪ जरूरी पक्राउपुर्जीको आधारमा वा तत्काल पक्राउ परेकोमा सोको स्वीकृतिका लागि अदालत समक्ष उपस्थित गराईने, |
| ▪ कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ परेका व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र जतिसक्दो चाँडो अदालतसमक्ष उपस्थित गराईने, |
| ▪ अनुसन्धानको लागि अदालतको आदेशले मात्र हिरासतमा राख्न सकिने, |
| ▪ कसैलाई पनि अभियोग ठहर भएमा हुन सक्ने कैदको अवधिभन्दा बढी हिरासतमा नराखिने, |
| ▪ हिरासतमा राख्ने अनुमति माग गर्दा अदालतले अनुसन्धान सन्तोषजनक रूपमा भए वा नभएको सम्बन्धमा कानून व्यवसायीको बहससुन्न सक्ने भएकोले त्यस्तो अवस्थामा कानून व्यवसायीमार्फत बहस गराउन सक्ने, |
| ▪ अनुसन्धानको क्रममा बयान दिंदा आफूउपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कर नलाग्ने, |
| ▪ अभियुक्तले आफूले रोजेको कानून व्यवसायीबाट सल्लाह लिन पाउने भएकाले मुद्दाको कारबाहीमा निजलाई सोको जानकारी दिने, |
| ▪ अनुसन्धानको सिलसिलामा हिरासतमा हुँदा कुटपीट गरिएमा वा यातना दिएमा सोको जाँच गराई पाउन अदालतसमक्ष निवेदन दिन पाउने र त्यसरी जाँच हुँदा कुटपीट वा यातना दिएको पाइएमा उपचार गराई पाउने र अन्तरिम राहत उपलब्ध हुने, |
| ▪ यातनाबाट पीडित भएमा क्षतिपूर्तिको लागि आफैंले मुद्दा दायर गर्न सक्ने, |
| ▪ मुद्दा नचल्ने निर्णयमा भएमा निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएमा अभियोगपत्रको प्रतिलिपि अभियुक्तलाई दिइने, |
| ▪ थुनामा राख्दा वा हिरासतमा राख्दा कारणसहितको पुर्जी दिइने, |
| ▪ पुर्वसुनुवाइ छलफलमा उपस्थित हुने, |
| ▪ साक्षी प्रमाण पेस गरी आफ्नो जिकिर पुष्टी गर्न सक्ने र प्रमाण परिक्षणमा संलग्न हुने |
| ▪ आफूलाई पोल गर्ने सहअभियुक्तलाई त्यसरी पोलेको कुरामा जिरह गर्न पाउने, |
| ▪ आफूउपर लागेको अभियोग बारेमा बयान गर्नुभन्दा अगाडि अभियोगपत्रको सम्पूर्ण बेहोरा पढेर सुनाइने, |
| ▪ प्रतिरक्षाको तयारीको लागि अभियोगपत्र र सबुद प्रमाणको प्रतिलिपि लिन मौका पाउने, |
| ▪ बयान गर्नभन्दा अगाडि कानून व्यवसायीसँग सल्लाह लिन पाउने, |

- आफ्नो विरूद्ध पेस भएको साक्षी जिरह गर्न सक्ने,
- मुद्दाको सुनुवाइ खुला इजलासमा हुने,
- केही खास मुद्दामा आवश्यकता अनुसार पीडित तथा साक्षीको परिचय गोप्य राख्न सकिने र विशेष मुद्दामा बन्द इजलासमा सुनुवाइ हुने,
- पीडितले क्षतिपूर्ति पाउने,
- भाषा नबुझ्ने वा बोल्न नसक्ने व्यक्तिले सरकारी खर्चमा दोभाषेको सहयोग पाउने,
- आफ्नो प्रतिरक्षको लागि कानून व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा निःशुल्क कानूनी सहायता पाउने।

अनुसूची-९

(दफा ७४ सँग सम्बन्धित)

**पीडितको अधिकारको सूची**

| पीडितका अधिकारहरू |
|---|
| ▪ न्यायमा पहँचको अधिकार<br>▪ आफू पीडित भएको अपराधको अनुसन्धानको जानकारी पाउने अधिकार<br>▪ अभियुक्तलाई मुद्दा नचलाइएकोमा सोको कारणसहितको जानकारी पाउने अधिकार<br>▪ मुद्दाको कारबाहीको जानकारी पाउने अधिकार<br>▪ अपराधबाट पुगेको क्षतिको सम्बन्धमा आफैंले अदालतमा उजुरी गर्न पाउने अधिकार<br>▪ सुरक्षा तथा संरक्षणको अधिकार<br>▪ क्षतिपूर्तिको अधिकार<br>▪ कानूनी परामर्शको अधिकार<br>▪ मनोवैज्ञानिक परामर्शको अधिकार<br>▪ शारीरिक उपचारको अधिकार<br>▪ गोपनीयताको अधिकार<br>▪ सामाजिक पुर्नस्थापनाको अधिकार<br>▪ क्षतिपूर्तिसहितको न्याय पाउने अधिकार<br>▪ पीडित अनुकूल वातावरणमा न्याय पाउने अधिकार<br>▪ कानूनी सहायताको अधिकार<br>▪ अन्तरिम राहत (क्षतिपूर्तिको) अधिकार<br>▪ दोभाषे वा सांकेतिक भाषाविद् राख्न पाउने अधिकार<br>▪ बन्द इजलासबाट सुनुवाइ गरी पाउने अधिकार<br>▪ पारिवारिक पुनर्मिलनको अधिकार<br>▪ सुनुवाइका प्रत्येक चरणमा सहभागिताको अधिकार<br>▪ क्षतिपूर्ति भरी भराउमा प्राथमिकताको अधिकार<br>▪ क्षातिपूर्ति नतिरे कैद गराउन पाउने अधिकार<br>▪ पीडक असमर्थ रहेकोमा पीडित राहत कोषबाट राहत / क्षतिपूर्ति पाउने अधिकार<br>▪ पीडित जाहेरवाला रहेको र निजको मृत्यु भएकोमा निजको हकवालाले मुद्दा सकार गरी बिगो वा क्षतिपूर्ति भराइ पाउने अधिकार । |

अनुसूची-१०

दफा ७६ को उपदफा (१) सँग सम्बन्धित

## केही कानूनी व्यवस्थाहरूको तुलनात्मक विवरणको सूची

| क्र. सं. | विषयवस्तु | साविकको व्यवस्था | फौजदारी कार्यविधि संहिताको दफा | देवानी कार्यविधि संहिताको दफा |
|---|---|---|---|---|
| 1= | खुला इजलासमा मुद्दाको सुनुवाइ | अ.वं.६ | १२९ र सजाय नि. ऐन १० | ५ र २६८ |
| 2= | बन्द इजलासमा मुद्दाको सुनुवाइ | जि.अ.नि. ४६ख. | १२९ | २६८ |
| 3= | देवानी र फौजदारी मुद्दा छुट्याउने आधार | अ.वं.९ | २(ठ) | २(घ) |
| 4= | सरकार वा सार्वजनिक हित सरोकार रहेको मुद्दाको अनुमति | अ.वं. १० | - | ९१ |
| 5= | मुद्दा हेर्ने प्राथमिकताक्रम | अ.वं.११ | १७० | २७० |
| 6= | अर्को अदालतमा मुद्दा परेको कारण मुद्दाको मुलतबी | अ.वं.१२ | ९७ | २०१ |
| 7= | प्रतिवादी फरार भएको कारण मुलतबी | अ.वं.१९० र चोरीको महल १० | ९८ | -- |
| 8= | प्रतिवादीको होस ठेगानमा नरहेको कारण मुद्दाको मुलतवी | -- | १२८ (२) | -- |
| 9= | सुरू तहको अदालतले मुद्दा छिन्ने अवधि | अ.वं.१४(१) | १३१ | |
| 10= | फैसला लेख्नु पर्ने अवधि | अ.वं. १८५ | १३१(६) | १९८(१) |
| 11= | फैसला प्रमाणीकरण गर्ने अवधि | -- | १३१(६) | १९८(२) |
| 12= | अन्तरकालीन/बेरितको आदेशउपरको निवेदन | अ.वं.१७ | ५१ (३), ७२ र ७३ | १५६(४) र १५७ |
| 13= | संरक्षक रोहबरमा राख्ने | अ.वं.२४ | थप व्यवस्था नभएको | ३३,३५ |
| 14= | लिखतको दरपीठ | अ.वं.२७ | ५० र १८२ | १२८ |
| 15= | दरपीठउपरको निवेदन | अ.वं.१७ र जि.अ.नियम १३ | नियम ... | १३० |
| 16= | अदालतको अधिकार क्षेत्र | अ.वं.२९ | परिच्छद -४ दफा १६९ | परिच्छद -३ |
| 17= | मुद्दाको स्थानान्तरण | अ.वं.२९ | ४८,४९,५१,९६ र १७६ | २०३ र २७१ |
| 18= | मुद्दा हेर्न नहुने विषय (नाता सम्बन्ध र स्वार्थ बाझिने) | अ.वं.३० | १७६ | २७१ |
| 19= | विदेशमा म्याद तामेली | अ.वं.३४ | ६४ र १९१ | --- |
| 20= | हदम्याद | अ.वं.३६-४६ | अपराध संहिताको सम्बन्धित परिच्छेद | परिच्छेद ५, दफा २५९ |
| 21= | थुनछेक गर्दा तारेखमा राख्ने | अ.वं.४७ | ६९ | - |
| 22= | थुनछेक गर्दा धरौट वा जमानत माग्ने | अ.वं.११८ | ६८, ७० र ७१ | - |
| 23= | थुनछेक गर्दा थुनामा राख्ने | अ.वं.११८ | ६७ र ७१ | - |
| 24= | म्याद तारेख थाम्ने | अ.वं.५९, ६२ र १७५ | ५९, ८५, ८६, १३४,१६८(३) र (४) | २२३- २२५ र २३७ |
| 25= | वारेसनामा /अधिकृत वारेसनामा | अ.वं.६५-७१(ग) | ८९-९५ | १४४-१५४ |
| 26= | मुद्दा सकार गर्ने | अ.वं.७० | १३३ र १९० | २२६ र २३७ |

| | | | | |
|---|---|---|---|---|
| 27= | फिराद पत्र र दस्तुर | अ.वं.७५ र ७६ | ५३ तथा नियम ४९ र ९० | ९५ र ९७ |
| 28= | कोर्ट फी/अदालती शुल्क | कोर्ट फी ऐन | - | परिच्छेद ६ |
| 29= | सद्दे किर्तेमा बयान | अ.वं.७८ | ५२(१)(ख) र १०४ | १७२ र १७३ |
| 30= | हकदैया | अ.वं.८२ र ८३ | ३२(७), ३४(७), ४३, ५२(६) र ५३ | १०, ५४, ८६, ९१ र २६७ |
| 31= | प्राङ्न्याय/दोहोरो खतरा | अ.वं.८५ | अपराध संहिता ९ | १४,८९ र ९४ |
| 32= | फैसला बदर | अ.वं.८६ | - | ९२ |
| 33= | अभियोगपत्रमा खुलाउनु पर्ने कुराहरू | स.मु.स ऐन १८ | ३२ | - |
| 34= | थप अभियोग र अभियोग संशोधन | अ.वं.८८ | ३५ र ३६ | - |
| 35= | कायलनामा/मुद्दा फिर्ता | अ.वं.९२ र स.मु.स ऐन २९ | ११६ र नियम ३५ | १९६ |
| 36= | वारेन्ट र म्यादी पुर्जी/पक्राउ पुर्जी | अ.वं.९४, ९६, ९८, ९९ र १९० | ५७, ५८ र ६३ | -- |
| 37= | बाटाको म्याद हिसाब गर्ने | अ.वं.९५ | नियम ८६ | २२७ |
| 38= | समाह्वान/इतलायनामा | अ.वं.१०१-१०८ | ५७ र ५९ | १००, १०१ र १०३ |
| 39= | साक्षीको नामको म्याद (नबुझी नहुने साक्षी समेत) | अ.वं.१०६ र ११५ | ६०, १११ र ११२ | १८० |
| 40= | पक्षले साक्षी उपस्थित गराउने (अर्को तारिख तोक्ने समेत) | अ.वं.१४४ | १०१ | १७९ |
| 41= | म्याद तामेली | अ.वं.११०-११३ | ६१, ६२, ६३ र ६४ | ९९-११८ |
| 42= | विद्युतीय माध्यम वा पत्रपत्रिकामार्फत म्याद तामेली | जि.अ.नि.२२क. | ५८(१३),६२, ६४(३) र १३२(२) | ११४ र २८२ |
| 43= | अदालतमा उपस्थित हुँदा म्याद तामेल गर्ने | --- | ६६ | १०६ |
| 44= | थुनामा राख्ने अवधि, थुनुवा पुर्जी र आदेश पर्चा | अ.वं.११९-१२२, १२४ग. | ७८-८० | -- |
| 45= | फैसला नभएमा थुनाबाट छोड्न सक्ने | अ.वं.१२३ | ७७ | -- |
| 46= | धरौट जमानत सम्बन्धी (कागज, जफत, फुकुवा समेत) | अ.वं.१२४-१२४ग. | ७३,७४,७५ र ७६ | -- |
| 47= | प्रतिउत्तर पत्रको ढाँचा र दस्तुर | अ.वं.१२८ | नियम ५० र ९० | १२० र १२५ |
| 48= | पक्षसँग कागज गराउने | अ.वं.१३३ | नियम ८९(१) | १७१ र २७५ |
| 49= | पेट बोलीको व्यक्ति बुझ्ने | अ.वं.१३९ | नियम ८९(२) | १२३, १२४ र १७६ |
| 50= | बन्दसवाल | अ.वं.१४१, १६० र १६२ | १०७ | १८९ |
| 51= | नाप नक्शा गराउने (अवलोकन) | अ.वं.१७१ | --- | १७७ र १७८ |
| 52= | रोक्का /यथास्थिति र फुकुवा | अ.वं.१७१क. र १७१ख. | नियम ९२ | १५६ र १५७ |
| 53= | मृत्यु भएमा मुद्दा खारेज | अ.वं.१७६ द.स.३ | १३३ र १५८ | -- |
| 54= | मुद्दाको डिसमिस/खारेजी फैसला | अ.वं.१७९, १८० र १८५क. | ५१ र ८६ | १३३ र १४१ |
| 55= | मेलमिलाप/मिलापत्र | अ.वं.१८२ र १८३ | ११७ - १२० | १९३-१९५ |

| | | | | |
|---|---|---|---|---|
| 56= | मुख मिले फैसला र मुख नमिलेको कुरामा प्रमाण बुझ्ने | अ.वं.१८४क. | १२३ र १२५ | १६८ |
| 57= | फैसला तयार गर्ने अवधि | अ.वं.१८५ | १३१ | १९८ |
| 58= | साधक पेस गर्ने | अ.वं.१८६ | १४५ | -- |
| 59= | सजाय कम गर्न राय व्यक्त गर्ने | अ.वं.१८८ | -- | -- |
| 60= | पुनरावेदनको म्याद/फैसलाको सूचना र पुनरावेदन गर्ने अवधि | अ.वं.१९३ | १३२ र १३४ | २०० र २०५ |
| 61= | कैदमा नबसी वा धरौट जमानत राखी पुनरावेदन गर्न पाउने सुविधा | अ.वं.१९३क. र १९४ | १३७ | २०७ |
| 62= | पुनरावेदन पत्रको ढाँचा र दस्तुर/शुल्क | अ.वं.१९६ | १३६ | ७३,२०७ र २०८ |
| 63= | तारिखमा नबसे पनि हुने | अ.वं.२०१ | ८८ र १४२ | १४२ र १४३ |
| 64= | शुरू फैसला फरक पर्न सक्ने भए प्रत्यर्थी झिकाउने | अ.वं.२०२ | १४०(३) | २१३(३) |
| 65= | पुनरावेदन नदिनेको हकमा समेत पुनरावेदनको रोहबाट हेरिने | अ.वं.२०५ | १४४(२) | -- |
| 66= | शुरू म्याद गुजार्ने/पुनरावेदन सरहको प्रतिउत्तर | अ.वं.२०८ | --- | ११८ |
| 67= | कसूर गरेको नमानिने अवस्था | द.स.१ | अपराध संहिता १३ र १४ | -- |
| 68= | जन्म कैदको खण्डे हिसाव | द.स.६ | अपराध संहिता ४२ | -- |
| 69= | सजाय खाप्ने/पटके कसूर | द.स.८,१० र ४१ | अपराध संहिता ४३ र ४४ तथा सजाय नि. ऐन ११ र ३६ | --- |
| 70= | सजायको खास व्यवस्था नभएकोमा हुने सजाय | द.स.१२ | -- | -- |
| 71= | झुठो पोल/उजुर गरे वापत सजाय | द.स.१८ | ४४ र अपराध संहिता ९८ | -- |
| 72= | कैद सजायको तत्काल कार्यान्वयन | द.स.२३ | १५३(३) | -- |
| 73= | कैद/जरिवानाको लगत कट्टा | द.स.२४ | १६०(२) | -- |
| 74= | जरिवाना/बिगो/क्षतिपूर्तिबापत कैद | द.स.३८ र ४२ | अपराध संहिता ४६ र कार्यविधि संहिता १६२,१६४ र १६५ | २४४ |
| 75= | जरिवाना/बिगो/क्षतिपूर्तिबापत कैदको दर | द.स.५३ | १५५(३),(५), १६४(३),(४) र १६५(८), (१०) | २४४(२),(४) र (६) |
| 76= | कैद गराउँदाको सिधा खर्च | द.स.५३ख. र ५४ | १६५(११) | २४४(५) |
| 77= | सडिगली जाने धनमालको लिलामी/व्यवस्थापन | द.स.३४ | नियम १५ र १६ | ---- |
| 78= | कैद वा जरिवाना छुट | द.स.४१क. | ---- | २४६ |
| 79= | बिगो/क्षतिपूर्ति भराउने | द.स.४२ | १६३-१६५ र सजाय नि. ऐन ४१-४५ | २४२ |
| 80= | चलन चलाउने | द.स.४३ | --- | २३८ |
| 81= | रजिष्ट्रेसन/नामसारी/दाखिल खारेज गराउने | द.स.४४ | १५१(३) | २३९ |
| 82= | हक निखन्ने कार्यविधि | द.स.४५ | -- | २४० |

| | | | | |
|---|---|---|---|---|
| 83= | बण्डा छुट्याउने | द.स.४६ | -- | २४१ |
| 84= | फैसला कार्यान्वयनमा म्याद/तारेख थमिने व्यवस्था | द.स.४८ | १६८ | १३७ |
| 85= | फैसला कार्यान्वयनको मिलापत्र | जि.अ.नि. ८०क. र ८०ग. | --- | २३४ |
| 86= | फैसला कार्यान्वयनसम्बन्धी कारबाहीउपरको उजुरी | द.स.६१ | नियम --- | २५० |
| 87= | पूर्वसुनुवाइ छलफल | -- | १२४ | १९१ |
| 88= | प्रारम्भिक सुनुवाइ छलफल | जि.अ.नि. २४ | ५१ | १३२ |
| 89= | व्यक्तिवादी मुद्दामा परिणत गरी सूचना दिने | स.मु.स.ऐन २७ | ४२ | २५६ |
| 90= | सहअभियुक्तको जिरह | --- | १०३ | |
| 91= | श्रव्य दृश्य संवाद (videoconference) | -- | १६(६),१०९ र १८४ | १८२ |
| 92= | साक्षी वा पीडितको संरक्षण | -- | ११४ | -- |
| 93= | व्यक्तिगत परिचय गोप्य राख्ने | निर्देशिका | १८३ | २७६ |

**<u>द्रष्टव्यः</u>**- यस अनुसूचीमा,

(क) अपराध संहिता भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ लाई जनाउँछ।

(ख) कार्यविधि संहिता भन्नाले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ लाई जनाउँछ।

(ग) सजाय नि.ऐन भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई जनाउँछ।

(घ) अ.व. र द.स. भन्नाले क्रमशः मुलुकी ऐनको अदालती बन्दोवस्तको महल र दण्ड सजायको महललाई जनाउँछ।

(ङ) जि.अ.नि. भन्नाले जिल्ला अदालत नियमावली, २०५२ लाई जनाउँछ।

(च) स.मु.स.ऐन भन्नाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लाई जनाउँछ।

(छ) नियम भन्नाले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियमलाई जनाउँछ।

(ज) निर्देशिका भन्नाले विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ लाई जनाउँछ।